कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्न इजाजतपत्रप्राप्त

मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड
Manushi Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

बनेपा नगरपालिका वडा नं. १३, भैंसेपाटी, काभ्रेपलाञ्चोक । फोनःनं. ०११-६६२७८५, ०११-६६३१२७
इमेलः manushimc@hotmail.com, manushimfi@gmail.com । वेवसाइटः www. manushilbs.com

विवरण पुस्तिका

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

वित्तीय संस्थाको जारी पुँजी रु १०,९३,७५,०००/- (अक्षरेपी दश करोड त्रियानब्बे लाख पचहत्तर हजार मात्र) को ३६ प्रतिशतले हुन आउने रु ३,९३,७५,००० (तीन करोड त्रियानब्बे लाख पचहत्तर हजार मात्र) रकम बराबर प्रति शेयर रु. १००।– अङ्कित दरका ३,९३,७५० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५% अर्थात ५४६९ कित्ता शेयर कर्मचारीहरु तथा सर्वसाधारणलाई छुट्याइएको शेयर मध्येको ५% अर्थात् १९,६८८ (कित्ता शेयर सामूहिक लगानी कोषका लागि सुरक्षित गरी बाँकी रहने ३,६८,५९३ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गर्ने ।

दरखास्त साथ प्रति शेयर रु. १००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ ः

विवरण	वास्तविक		प्रक्षेपित		
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
प्रति शेयर आम्दानी रु.	१७.३१	(४.५३)	१०.०२	१५.४७	२६.८४
प्रति शेयर नेटवर्थ रु.	१३८.३७	१३२.६९	१३०.९४	१४६.४१	१७३.२५
संचित नाफा नोक्सान(रु. हजारमा)	९,३७०	६,१९८	१४,७४४	२७,९४४	५०,८४२

लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई यस मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मिति २०७७/१२/०३ मा “समयमा वित्तीय दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहने” [CARE-NP B+ (Is) Pronounced as [Single B Plus (Issuer)]” प्रदान गरेको छ । सो ग्रेडिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७८/१२/०३ सम्म रहनेछ । केयर रेटिङ्ग नेपाल लिमिटेडले [CARE- NP]AAA देखि [CARE-NP]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP]AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात उच्च सुरक्षित रहेको आधार जनाउँछ र [CARE-NP]D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ CARE-NP B+ (Is) को स्थिति CARE-NP B- (Is) को भन्दा एक चिन्ह माथि रहन्छ ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति	**: २०७८/०३/३१ गते ।**
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति	**: २०७८/०४/०८ गते ।**
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति	**: २०७८/०४/०४ गते ।**
धितोपत्र निष्काशन खुल्ला मिति	**: २०७८/०४/२७ गते ।**
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा)	**: २०७८/०४/३१ गते (बैकिङ्ग समय पश्चात्) ।**
धितोपत्र निष्काशन बन्द हुने मिति (अन्तिम)	**: २०७८/०५/०९ गते (बैकिङ्ग समय पश्चात्) ।**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.

हातिसार, काठमाडौं फोन : ९७७-१-४४१२७४३
इमेलः info@nsmbl.com.np,
वेवसाइटः www.nsmbl.com.np

१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तीसार, काठमाडौंलाई सम्झनु पर्दछ।

ग) **"वित्तीय संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंकलाई सम्झनु पर्दछ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ।

छ) **"संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन"** भन्नाले मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

ञ) **"लघुवित्त वित्तीय संस्था"** भन्नाले बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७६ को दफा ४९ को उपदफा (४) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

ट) **"खुद सम्पत्ति (नेट वर्थ)"** भन्नाले लघुवित्त वित्तीय संस्थाको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनु पर्छ ।

ठ) **"प्रति शेयर आम्दानी"** भन्नाले लघुवित्त वित्तीय संस्थाको आम्दानीलाई उक्त संस्थाको जारी शेयरले भाग गर्दा आउने भागफल सम्झनु पर्छ ।

२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
क.	नेपाल एसबिआई मर्चेण्ट बैंकिंग लिमिटेड, हात्तिसार, काठमाडौं, नेपाल ; वेवसाइट : https://nsmbl.com.np फोन नं.– ४४१२७४३
ख.	मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रिय कार्यालय, बनेपा नगरपालिका वडा नं. १३, भैंसेपाटी,काभ्रेपलाञ्चोक तथा सम्पूर्ण शाखा कार्यालय, email: manushimc@hotmail.com, manushimfi@gmail.com **Website : manushilbs.com**
ग.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np
सि.नं.	**दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**
क.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण आश्वा (ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सिआश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

ग.

१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

२. संगठित संस्थाको उद्घोषण :

क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रबन्धकहरुलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

ख. संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :

यस वित्तीय संस्थाले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक वित्तीय संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता लघुवित्त वित्तीय संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा पेश गरेका छौं ।

घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :

(१) यस लघुवित्त वित्तीय संस्थाका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस लघुवित्त वित्तीय संस्थाका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस लघुवित्तवित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

क. संगठित संस्थाको पृष्ठभूमि :

(अ) संस्थाको नाम : मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड (Manushi Laghubitta Bittiya Sanstha Limited)

(आ) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस लघुवित्त वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित ।

(इ) संस्थाको रजिष्टर्ड ठेगाना :

यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १३, भैसेपाटीमा रहेको छ ।

(ई) कारोवार गर्ने मुख्य स्थान :

यस लघुवित्त वित्तीय संस्थाले राष्ट्रिय स्तरको "घ" वर्गको नामबाट कारोबार शूरु गरिरहेको छ। हाल वित्तीय संस्थाले ८ जिल्लाहरुमा आफ्नो २६ शााखा कार्यालयहरु स्थापना गरि लघुवित्त कारोबार गर्दै आइरहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस लघुवित्त वित्तीय संस्थाले शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सक्नेछ। हाल यस वित्तीय संस्थाले रजिष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोबार गर्दै आइरहेको छ ।

क्र. स.	शाखा कार्यालयको नाम	ठेगाना
१	ज्ञानेशवर	काठमाडौं म.न.पा-५, प्रदेश ३
२.	कालीमाटी	काठमाडौं म.न.पा-१३, प्रदेश ३
३.	चौतारा	चौतारा साँगा चोकगढी न.पा. सिन्धुपाल्चोक, प्रदेश ३
४	मेलम्ची	मेलम्ची न.पा.-११ सिन्धुपाल्चोक, प्रदेश ३
५	बालाजु	काठमाडौं म.न.पा-१६, प्रदेश ३
६	बाह्रबिसे	बाह्रबिसे न.पा.-४, सिन्धुपाल्चोक, प्रदेश ३
७	नवलपुर	इन्द्रावती गा.पा-४, सिन्धुपाल्चोक, प्रदेश ३
८	बिदुर	विदुर न.पा-४,नुवाकोट, प्रदेश ३
९	चरिकोट	भिमेश्वर न.पा-१०, दोलखा, प्रदेश ३
१०	रानीपौवा	ककनी गा.पा-४,नुवाकोट, प्रदेश ३
११	सिलढुंगा	लिशंखु पाखर गा.पा-५, सिन्धुपाल्चोक, प्रदेश ३
१२	काउले दोभान	मेलम्ची न.पा-३, सिन्धुपाल्चोक, प्रदेश ३
१३	रातमाटे	बेलकोटगढी न.पा-७, नुवाकोट, प्रदेश ३
१४	तिपेनी	पांचपोखरी थांपालधाप न.पा-७, सिन्धुपाल्चोक, प्रदेश ३
१५	देउराली	शैलुगेश्वर गा.पा-३, दोलखा, प्रदेश ३
१६	फलाटें	सुर्यगढी गा.पा-३,नुवाकोट, प्रदेश ३
१७	सिपाघाट	मंदनदेउपुर न.पा-६, काभ्रेपलाञ्चोक, प्रदेश ३
१८	जलबिरे	बलेफी गा.पा-१, सिन्धुपाल्चोक, प्रदेश ३
१९	मैनापोखरी	बैतेश्वर गा.पा-५, दोलखा, प्रदेश ३
२०	साँखु	शंखरापुर न.पा-९, काठमाडौं, प्रदेश ३
२१	भकुण्डेबेसी	नमोबुद्ध न.पा-८, काभ्रेपलाञ्चोक प्रदेश ३
२२	श्रीरामपती	पांचखाल न.पा-७, काभ्रेपलाञ्चोक, प्रदेश ३
२३	साँधभञ्ज्याङ्ग	ज्वालामुखी गा.पा-६, धादिङ, प्रदेश ३
२४	खनीयाखर्क	गोलनजोर गा.पा-५, सिन्धुलि, प्रदेश ३
२५	टोकरपुर	डोरम्बा गा.पा-३, रामेछाप, प्रदेश ३
२६	खोपासी	पनौती न.पा-१०, काभ्रेपलाञ्चोक, प्रदेश ३

(उ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

विपन्न तथा पिछडिएका समुदायको आर्थिक सामाजिक तथा चेतना विकासका लागि वि.सं. २०४८ सालमा स्थापना भएको मानुषीबाट संचालित गरीब तथा विपन्न परिवारलाई लघुवित्त तथा अन्य सेवा दिएर गरीबी न्यूनिकरण तथा महिला श-सक्तिकरण गर्ने कार्यक्रम नेपाल राष्ट्र बैंक ऐन २०१२ अनुसार वि.सं. २०५९ वैशाख २० गते नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त गरेर सोही वर्ष २०५९ साल असोज १ गतेबाट मानुषी लघुवित्त कार्यक्रम संचालन गरेको हो। यस लघुवित्त वित्तीय संस्था २०७५/०३/१० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो। यस संस्थाले हाल नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप नेपाल राष्ट्र बैंक बाट मिति २०७५ साल आश्विन २५ गते मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको ईजाजतपत्र प्राप्त गरि मिति २०७५ साल कार्तिक १३ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबार शूरु गर्नको लागि स्वीकृत पत्र समेत प्राप्त गरेकोले मिति २०७५ साल मंसिर १ गते देखि मानुषी लघुवित्त कार्यक्रमबाट भएको सम्पूर्ण कारोबारहरु मानुषी लघुवित्त वित्तीय संस्था लि. मा रुपान्तरण गरी सोही मानुषी लघुवित्त वित्तीय संस्था लि. को (राष्ट्रिय स्तरको घ बर्ग) नामबाट कारोबार शूरु गरिएको छ।

“पहाडी र हिमाली क्षेत्रमा केन्द्रित सक्षम व्यवस्थापन भएको सफल लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित भई विपन्न वर्गलाई गुणस्तरीय सेवा प्रदान गरी उनीहरुको सामाजिक तथा आर्थिक जीवनस्तर उकास्ने” संस्थाको परिकल्पना सहित विपन्न तथा

पिछडिएका समुदाय र महिलालाई आय बृद्धिमूलक पेशा, व्यवसाय स्थानीय स्रोत साधनलाई कर्जा तथा बचतको माध्यमबाट अधिकतम परिचालन गरी आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनु, विपन्न वर्गका समुदाय र परिवारलाई स्वरोजगार र स्वाबलम्बी हुन जागरुक गर्नु यस संस्थाको प्रमुख उद्देश्य रहेको छ। यस लघुवित्त वित्तीय संस्थाको संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ।

यसका अलावा लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(१) वित्तीय संस्थाको निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिशर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने।

(२) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायीक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक बैंकिङ्ग/ वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्याउने।

(३) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने।

(४) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र

(५) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने।

(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : सो नभएको।

(ए) अन्य विवरणहरु

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा ग्राहक सदस्यहरुबाट निक्षेप संकलन, कर्जा प्रवाह, रेमिट्यान्स भुक्तानी सेवा तथा अन्य वित्तिय सेवा रहेका छन्। साथै वित्तीय संस्थाले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आइरहेको छ।

(२) प्रयोग भएको वा गरिने प्रविधि :

लघुवित्त वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ। साथै, वेवबेस सफ्टवेयर, वेवसाइट, मोबाइल एसएमएस मार्फत र अनलाइन तथा मोबाइल भुक्तानी सेवा प्रवृधिहरु भएको।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : सो नभएको।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :

२०७५/६/२५ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७५/०७/१३ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबार शूरु गर्नको लागि स्वीकृत पत्र समेत प्राप्त गरेकोले मिति २०७५/०८/०१ देखि मानुषी लघुवित्त कार्यक्रमबाट भएको सम्पूर्ण कारोबारहरु मानुषी लघुवित्त वित्तीय संस्था लि.मा रुपान्तरण गरि सोही मानुषी लघुवित्त वित्तीय संस्था लि. को "घ" वर्गको राष्ट्रिय स्तरको वित्तीय संस्थाको हैसियतले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ। यस वित्तीय संस्थाले आ.व. २०७६/०७७ सम्ममा ८ वटा जिल्लाका २८ वटा गाउँ/नगरपालिकाहरुमा २६ वटा शाखा कार्यालय मार्फत २६ हजार ९ सय ४७ जना सदस्यलाई लघुवित्त कार्याक्रममा आवद्ध गरेको छ। साथै यस आर्थिक वर्षमा ५१४ जना ऋणी सदस्य थप भएर जम्मा १६,७३१ जना ऋणी सदस्य संख्या पुगेको छ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :
समय सापेक्ष अनुसार सेवा विस्तार गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यवसाय विस्तार गर्ने योजना रहेको छ साथै यस संस्थाका सेवा सम्बन्धी योजना देहाय बमोजिम रहेका छन् :

- चालु आर्थिक वर्षमा अन्य लघुवित्त संस्थाको उपस्थिति कम भएका हाल कार्यक्रम विस्तार भएका जिल्लाहरुमा तथा थप जिल्लाका उपयुक्त स्थानहरुमा सम्भाव्यता अध्ययन गरि शाखा कार्यालय स्थापना गरि कार्यक्रम विस्तार गर्ने, केन्द्र बैठकलाई अझ प्रभावकारी बनाउन पुनर्ताजगी तालिम तथा वित्तीय साक्षरता कक्षा संचालन गर्ने, ग्राहक सदस्यको क्षमता तथा आवश्यकता आदिको पर्याप्त विश्लेषण गरेर गुणस्तरीय कर्जा लगानी गर्दै कर्जा कारोबार वृद्धि गर्ने, बचत वृद्धिमा विशेष जोड दिने र बचत तथा कर्जाका नयाँ सेवा विकास गर्ने लक्ष्य लिइएको छ।
- प्रबन्धपत्र तथा नियमावलीमा रहेका उदेश्य बमोजिम थप कार्यहरु गर्दै जाने लक्ष्य रहेको छ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :
लघुवित्त वित्तीय संस्थाको प्रमुख बजार हाल कायम रहेको ८ जिल्लामा २६ वटा शाखावाट हरेक बर्गका ग्राहकको आवश्यकता अनुरुप नै सेवाहरु उपलब्ध गराउँदै लैजाने वित्तीय संस्थाको लक्ष्य रहेको छ र साथै नेपाल राष्ट्र बैंकको इजाजत अनुरुप विभिन्न शाखा र उपशाखा विस्तार गदै विभिन्न वर्गका ग्राहकहरुलाई सेवाहरु प्रदान गराउँदै लैजान यस संस्थाको सोच रहेको छ।

(७) उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति :
बैंक तथा वित्तीय संस्थामा लामो अनुभव हासिल गर्नु भएको सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ। यस वित्तीय संस्थाको जम्मा ११४ जना कर्मचारीहरुले २६,९४७ जना कूल ग्राहक सदस्यहरुलाई वित्तीय सेवा उपलब्ध गराईएको छ। साथै, आ.व. २०७६/७७ मा कूल निक्षेप (वचत) रु. ५५,२३,०९,३५४.०० र कुल कर्जा सापट रु. ८३,३०,७५,१७८.०० रहेको छ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :
सो नभएको।

(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :
बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूह ग्राहकहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि तत्पर रहेका छन्। स्तरीय लघुवित्त सेवाका लागि ग्राहक सेवा विभाग स्थापना गरि संचालनका साथै ग्राहक गुनासो सुनुवाई डेस्क समेत रहेको छ।

(१०) अनुसन्धान तथा विकास :
नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान, कार्यक्रम बिस्तार तथा विकास व्यबस्थापनलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि छुट्टै बिभागको व्यबस्था गरिएको छ। यसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने नयाँ सेवाहरुको उपयुक्तताका सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ। साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपका योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयां नयां प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने सोच राखेको छ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान : विश्वव्यापी महामारीको रुपमा फैलिएको **COVID-19** ले गर्दा अर्थतन्त्रलाई नै प्रभावित पारेको र नेपाल पनि यस बाट जोगिन सकेको छैन, यस विषम परिस्थितिमा दैनिक रुपमा संचालन गर्नु पर्ने व्यापार, व्यवसाय, उद्योग धन्दा लामो समय सम्म बन्द हुँदा लघुवित्त वित्तीय संस्थालाई यस महामारीले नराम्रो प्रभाव पारेको छ। अर्थतन्त्रको समग्र क्षेत्रमा पर्न गएको असरले कर्जा असुली प्रकृयामा पर्न सक्ने जोखिम यथावत रहेको छ र ग्राहकको व्यवसायमा आएको मन्दिका कारण कर्जा प्रवाहमा कमी आउन सक्ने छ। जसले गर्दा संस्थाको व्यवसाय विस्तार तथा नाफा मा समेत असर पर्न सक्ने देखिन्छ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण : सो नभएको।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/०६/२५ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७५/०७/१३ गते देखि कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबार शूरु गर्नको लागि स्वीकृत पत्र समेत प्राप्त गरेकोले मिति २०७५/०८/०१ गते देखि मानुषी लघुवित्त कार्यक्रमबाट भएको सम्पूर्ण कारोबारहरु मानुषी लघुवित्त वित्तीय संस्था लि. मा रुपान्तरण गरी सोहि मानुषी लघुवित्त वित्तीय

संस्था लि. को नामबाट कारोबार सञ्चालन गर्दै आएको छ। वित्तीय संस्थाको हैसियतमा केवल २ वर्ष पुरानो लघुवित्त वित्तीय संस्था भए तापनि आफ्नो कार्य क्षेत्रमा सञ्चालित अन्य समान वित्तीय संस्थाहरु बीच यस वित्तीय संस्थाले आफ्नो स्थितिलाई मजबुत बनाउँदै लगेको छ। आ.व. २०७५/७६ मा यस लघुवित्त वित्तीय संस्थाको शाखा संख्या २२, जगेडा कोष रु. २,६८,५७,५१५.६३, निक्षेप (वचत) रु. ४६,३५,०५,३७७, कर्जा (लघु कर्जा, धितो कर्जा) लगानीमा रहिरहेको रु. ८१,७६,८८,६०६ र कूल आम्दानी रु. ११,६५,०३,७३३.१३ रहेकोमा आ.व. २०७६/७७ मा क्रमशः शाखा संख्या २५, जगेडा कोष रु. २,२८,७९,५०१, निक्षेप वचत रु. ५५,२३,०९,३५४ र कूल आम्दानी रु. १८,१२,९८,९६५.०९ रहेको छ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) : सो नभएको।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) : सो नभएको।

ख. सम्पत्तिको विवरण :

(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :

वित्तीय संस्थाको आ.व. २०७६/७७ को सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ।

विवरण	भवन	परिवाहन	लिज होल्ड	कार्यालय सामान	अन्य	यस वर्ष रु	गत वर्ष रु
१. **परल मोल**							
(क) गत वर्ष सम्मको मौज्दात	-	३,१३६,०९०	-	३,०४१,७९५.२३	१,५९८,३१४.२८	७,७७६,१९९.५१	१०१,६००.१३
(ख) यस वर्षको थप	-	-	-	५८९,१६६.००	६७६,२४०.००	१,२६५,४०६.००	७,६७४,५९९.३८
(ग) यस वर्ष पुर्नमुल्याकंन। पुर्नलेखन	-	-	-	-	-	-	
(घ) यस वर्षको विक्री	-	-	-	-	-	-	
(ङ) यस वर्षको अपलेखन	-	-	-	-	-	-	
कुल		**३,१३६,०९०**	-	**३,६३०,९६१.२३**	**२,२७४,५५४.२८**	**९,०४१,६०५.५१**	**७,७७६,१९९.५१**
२. **ह्रास कट्टी**			-				
(क) गत वर्षसम्मको	-	३२१,१५७.००	-	५५२,६६२.००	२६७,९२८.६८	१,१४१,७४७.६८	८,४६६.६८
(ख) यस वर्षको	-	५७४,८९६.००	-	७३८,०८५.००	४९६,६०५.००	१,८०९,५८६.००	१,१३३,२८१.००
(ग) ह्रास कट्टी पुर्नमुल्याकंन पुर्नलेखन।	-	-	-	-	-	-	-
(घ) ह्रास कट्टी रकम समायोजन/ फिर्ता	-	-	-	-	-	-	-
कुल ह्रास कट्टी	**-**	**८९६,०५३.००**		**१,२९०,७४७.००**	**७६४,५३३.६८**	**२,९५१,३३३.६८**	**१,१४१,७४७.६८**
३. बूक भ्यालु (WDV*) (१-२)	**-**	**२,२४०,०३७.००**	-	**२,३४०,२१४.२३**	**१,५१०,०२०.६०**	**६,०९०,२७१.८३**	**६,६३४,४५१.८३**
४. जग्गा	-	-	-	-	-	-	-
५. पूंजीगत निर्माण (पूजीकरण गरिनुपर्ने)	-	-	-	-	-	-	-
जम्मा	**-**	**२,२४०,०३७.००**	-	**२,३४०,२१४.२३**	**१,५१०,०२०.६०**	**६,०९०,२७१.८३**	**६,६३४,४५१.८३**

माथि उल्लेखित सम्पत्तिहरु चालु अवस्थामा रहेका तथा उक्त सम्पत्तिहरु वित्तीय संस्थाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा रहेका छन्।

(आ) बुँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :

उक्त बुँदामा उल्लेखित सम्पत्ति वित्तीय संस्थाको आफ्नै हो।

(इ) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :

सो नभएको।

(ई) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :** लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ।

(उ) **सम्पत्तिको मूल्याङ्कन गरिएको तरिका सम्बन्धी विवरण :**

परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पतीलाई सम्पतीको रुपमा राखिएको छ र सोको पुनरमूल्याङ्कन गरिएको छैन।

ग. भावी योजना तथा रणनीति :

(अ) **व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

लघुवित्त वित्तीय संस्थाले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति निम्नानुसार छन्।

- वित्तीय संस्थाले आगामी आर्थिक वर्षमा निक्षेप संकलन रु. ६८,१५,१६,००० र संचालन नाफा/(नोक्सान) रु ३१५,००,००० ले वढाउने लक्ष्य लिएको छ।
- कूल सदस्य संख्या ८,००० थप गरि ३४,९४७ सम्म पुर्‍याउने।
- प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु हासिल गर्नका लागि लघुवित्त कारोबारहरु बिस्तार गर्दै लैजानेछ।
- आ.व. २०७७/७८ मा यस वित्तीय संस्थाले वित्तीय पहुँच कम भएका स्थानहरुमा वित्तीय सेवा प्रदान गर्नका लागि कम्तीमा १२ वटा नयाँ शाखा कार्यालयहरु स्थापना गर्ने कार्ययोजना रहेको छ।
- ग्राहकको आवश्यकता अनुरुप नै सेवाहरु उपलब्ध गराउँदै लैजाने।
- संस्थागत सुशासन, आन्तरिक नियन्त्रण तथा प्रशासकिय सुदृढिकरणमा विशेष जोड दिने।
- भविष्यमा असर पर्न सक्ने नकारात्मक घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरुको तर्जुमा गरी अगाडी बढ्ने रणनीति यस वित्तीय संस्थाले लिएको छ।

(आ) **प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
हाल देशको वित्तीय वातावरण अत्यन्त प्रतिष्पर्धात्मक छ र सोही कारणले गर्दा यस वित्तीय संस्थाले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न विभिन्न रणनीतिका साथ अघि बढेको छ। विगतको छोटो अवधिमानै धेरै लघुवित्त सेवा प्रदायक संस्थाहरु र स्थानीय तहमा सहकारी संस्थाहरु स्थापना भई संचालनमा आइरहेका छन्। यो परिस्थितिले गर्दा एकातर्फ देशको बैंकिङ्ग वातावरण बढी प्रतिष्पर्धात्मक हुने देखिन्छ भने अर्को तर्फ हाल विश्वव्यापी महामारीको रुपमा देखा परेको Covid-19 को कारणले केहि चिन्तित हुनु पर्ने स्थिति समेत रहेको छ। यो अवस्थाले देशको बैंकिङ्ग व्यवसायलाई केहि हदसम्म प्रभाव पार्ने देखिन्छ।

यस वित्तीय संस्थाले संख्यात्मक बृद्धि भन्दा पनि गुणात्मक बृद्धिलाई आफ्नो प्रमुख लक्ष्यका रुपमा अगाडी सारेको छ। वित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पहुँच कम भएका स्थानहरुमा आफ्नो कार्यक्रम विस्तार गर्दै लाने कार्य भैरहेको छ। विगतको अनुभवबाट यस वित्तीय संस्थाले विकास गरेका सेवामुखी सुविधाहरु तथा ग्राहक सदस्यहरुले वित्तीय संस्था प्रति देखाएको सहभागिता र उत्साहलेनै हालसम्म यस वित्तीय संस्थालाई आफ्नो कार्यक्रम विस्तार गर्न सफलता प्राप्त भएको छ। हाल लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, कर्जा/सदस्यको दोहोरोपना आदि कारणले वित्तीय संस्थालाई प्रभाव पार्न सक्ने भएता पनि वित्तीय संस्थाले विकास गरेको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय संस्था सँग रहेको मौज्दात तथा कुशल व्यवस्थापनको कारण सम्पूर्ण परिसूचकहरुमा चालु आ.व. मा कुनै नकारात्मक असर नपर्ने देखिन्छ। यसको साथै भविष्यमा पनि यस्तो नकारात्मक असर पर्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरुको तर्जुमा गरी अगाडी बढ्ने रणनीति यस वित्तीय संस्थाले लिएको छ। यस लघुवित्त वित्तीय संस्थाले ८ जिल्लामा २६ शाखा कार्यालय खोली लघुवित्तीय सेवाहरु प्रदान गरी उत्साहजनक उपलब्धी हासिल गरेको छ। साथै आ.व. २०७७/७८ मा यस वित्तीय संस्थाले वित्तीय पहुँच कम भएको जिल्ला तथा गाउँपालिका/नगरपालिकाको केन्द्र बाहेकका स्थानहरुमा वित्तीय सेवा प्रदान गर्नका लागि कम्तीमा १२ वटा नयाँ शाखा कार्यालयहरु स्थापना गर्ने कार्ययोजना रहेको छ। आ.व. २०७६/७७ मा २६,९४७ समूह सदस्यहरुबाट रु. ५५,२३,०९,३५४ निक्षेप संकलन गरेको छ साथै संचालन नाफा/नोक्सान रु. ६१,९७,५४० रहेको छ।

यस वित्तीय संस्थाका सञ्चालक समिति लगायत व्यवस्थापन समिति तथा उच्च पदाधिकारीहरुमा लामो समयको बैंकिङ्ग तथा लघुवित्तको अनुभव रहेकोले अन्य प्रतिष्पर्धीभन्दा पृथक किसिमले सहज तरिकाले सञ्चालन गर्ने सक्ने क्षमता रहेको छ। त्यस कारण विद्यमान उपलब्धीहरु एवं प्रस्तुत भावी योजनाहरुका आधारमा यस वित्तीय संस्थाको भविष्य सुदृढ हुने देखिन्छ।

घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ।

संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित	४ (चार) जना
सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित	२ (दुई) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ।

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

ग.४. पूजी संरचना सम्बन्धी जानकारी :

(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

- **अधिकृत पूँजी :** यस लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु. २०,००,००,०००/- (अक्षेरुपी बीस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

- **जारी पूँजी** : यस लघुवित्त वित्तीय संस्थाको तत्काल जारी पूँजी रु १०,९३,७५,०००/- (अक्षेरुपी दश करोड त्रीयानब्बे लाख पचहत्तर हजार मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००।– का दरले १०,९३,७५० (दश लाख त्रीयानब्बे हजार सात सय पचास मात्र) थान शेयरमा विभाजन गरिएको छ।

- **चुक्ता पूँजी :** यस लघुवित्त वित्तीय संस्थाको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु ७,००,००,०००/- (अक्षेरुपी सात करोड मात्र) रहेको छ जसलाई रु.१००/– का दरले ७,००,००० (सात लाख) थान शेयरमा विभाजन गरिएको छ।

यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रु. ३,९३,७५,०००/- (अक्षेरुपी तीन करोड त्रीयानब्बे लाख पचहत्तर हजार मात्र) रकम बराबरको शेयरको निष्काशन पश्चात संस्थाको चुक्ता पूँजी रु. १०,९३,७५,०००/- (अक्षेरुपी दश करोड त्रीयानब्बे लाख पचहत्तर हजार मात्र) हुनेछ।

अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

विवरण	२०७५/७६	२०७६/७७
अधिकृत पूँजी (रु.)	२०,००,००,०००	२०,००,००,०००
जारी पूँजी (रु.)	१०,००,००,०००	१०,००,००,००० *
चुक्ता पूँजी (रु.)	७,००,००,०००	७,००,००,०००

* मिति २०७७/०९/२८ को दोस्रो वार्षिक साधारण सभाले वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. १०,००,००,०००/- लाई संशोधन गरी जारी पूँजी रु. १०,९३,७५,००० पुर्याउन सर्वसहमतिले पारित गरेको।

* मिति २०७८/०१/०२ गतेको नेपाल राष्ट्र बैंकको निर्णय र मिति २०७८/०१/१४ गतेको कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय अनुसार जारी पूँजीमा संशोधन गरिएको।

(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना (%)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	७,००,०००	६४	७,००,००,०००	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	३,९३,७५०	३६	३,९३,७५,०००	निष्काशन पश्चात शतप्रतिशत रकम भुक्तानी हुने
	जम्मा	**१०,९३,७५०**	**१००**	**१०,९३,७५,०००**	निष्काशन पश्चात शतप्रतिशत रकम भुक्तानी हुने

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

क.संस्थापक/सञ्चालकको पृष्ठभूमि :

(१) आधारभूत शेयरधनीहरु तथा सञ्चालककहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीहरुको विवरण :

क्र.सं.	नाम/ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१	मानुषी संस्था, का म.न.पा ३० ज्ञानेश्वर	-	-	-	३,८३,०००	-	-
२	मानुषी प्रा.लि.,नख्खु, ल.म.न.पा. ४, ललितपुर	-	-	-	६०,०००	-	-

सञ्चालकहरुको विवरण :

क्र.सं.	नाम/ठेगाना	पद	राष्ट्रियता	उमेर	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)	प्रस्तावित व्यापार/व्यवसाय
१	श्री पद्मासना शाक्य का.म.पा १७, काठमाडौं	अध्यक्ष	नेपाली	७६	१५,०००	स्नातकोत्तर	• सन् १९९६ देखि Fair Trade Group Nepal को उपाध्यक्ष तथा सल्लाहकार । • सन् १९९६ देखि २००१ सम्म Gender Training for Personal and Professional Development को संयोजक । • १९८८ देखि १९९३ सम्म Center for Women and Development को कार्यकरी निर्देशक • सन् १९९३ देखि १९९७ सम्म Project Coordinator Manushi/ International Council on Management of Population को सदस्य सचिव आदि ।	संस्थापक कम्पनी मानुषी संस्था को पूर्व अध्यक्ष, हाल मानुषी प्रा.लि.को अध्यक्ष यस मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेको अध्यक्ष ।
२	श्री दिव्यतारा तुलाधर असन,का.म.पा. वडा नं. २५, काठमाडौं	संचालक	नेपाली	६२	५,०००	स्नातक	•Federation of Handicraft Association of Nepal को दुई कार्यकाल सम्म संचालक • Nepal Women's Welfare Society को अध्यक्ष •म अन्नपूर्ण सहकारीको सदस्य •Paper Association of Nepal को आजिवन सदस्य आदि ।	संस्थापक कम्पनी मानुषी संस्थाको कार्यवाहक अध्यक्ष मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेको संचालक ।
३	श्री नविना धाख्वा (शाक्य) नख्खु, ल.म.पा-६, नेपाल	संचालक	नेपाली	५९	१०,०००	स्नातकोत्तर	• सन् १९९७ देखि सन् २०१२ सम्म मानुषी प्रा.लि. को व्यस्थापकिय संयोजक । • सन् १९९६ देखि १९९७ सम्म मानुषी प्रा.लि. को Motivator micro credit project for women को कार्यानुभव • सन् १९९३ देखि १९९६ सम्म मानुषी प्रा.लि. को सामुदायिक विकास कार्यक्रम को संयोजक	मानुषी संस्थाको कोषाध्यक्ष तथा मानुषी प्रा.लि को संचालक मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक

४	श्री प्रमिला आचार्य रिजाल धरान उ.म.पा.वडा नं. ९, सुनसरी	संचालक	नेपाली	५८	६,०००	स्नातक	• South Asian Women Development Forum को पूर्व अध्यक्ष । • सन् २०१३ देखि सन् २०१६ सम्म Zonta International -Nepal Chapter को Charter अध्यक्ष • सन् २००८ देखि २०११ सम्म Federation of Woman Entrepreneurs Association of Nepal को अध्यक्ष • सन् २०११ देखि २०१४ सम्म SAARC Chamber Women Entrepreneurs Council को अध्यक्ष • SAARC Chamber of Commerce को पूर्व अध्यक्ष आदि ।	मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक
५	श्री चन्द्र प्रसाद कछिपति म्यैपी-१६, काठमाडौं	संचालक	नेपाली	६६	१०,०००	स्नातकोत्तर	• सन् १९९० देखि हालसम्म साना हस्तकलाको कार्यकरी निर्देशक • सन् १९९२ देखि सन् २००७ सम्म नवदुर्गा बहुमुखी क्याम्पसको अर्थशास्त्र तथा वैदेशिक व्यापार सम्बन्धि विषयको प्राध्यापक • सन् १९८० देखि १९९१ सम्म नेपाल बैंक लिमिटेडको सहायक प्रबन्धक	मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक
६	श्री सुवर्ण कु. कर्माचार्य साँघुटार नगरपालिका वडा नं ३, रामेछाप	स्वतन्त्र सञ्चालक	नेपाली	६२	-	-	राष्ट्रिय वाणिज्य बैंकको विभिन्न विभागीय हुदैं प्रबन्धकसम्मको १५ बर्षको अनुभव राष्ट्रिय मानव अधिकार आयोगमा क्षेत्रिय निर्देशक भइ ११ बर्षको अनुभव	मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको स्वतन्त्र सञ्चालक

* यस संस्थको नियमावलीको नियम २७ को (२) बमोजिम संस्थापक समूहबाट मनोति/निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र संचालक समेत जम्मा ७ जनाको संचालक समति हुनेछ॥ यस संस्थाको सर्वसाधारण शेयर निष्काशन नभएसम्मका लागि संस्थापक समूहबाट ५ जना र १ जना स्वतन्त्र गरी हालको संचालक समितिमा सदस्यको संख्या ६ जना रहेको । आईपिओ निष्काशन पश्चात संस्थापक समूहबाट १ जना संचालक हटी संस्थापक समूहबाट ४ जना मात्रको प्रतिनिधित्व रहने छ ।

(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

क्र.सं.	नाम/ठेगाना	संक्षिप्त विवरण	सञ्चालकको नाम, ठेगाना	शेयर स्वामित्व (कित्ता)
१	श्री मानुषी संस्था का म.न.पा ३० ज्ञानेश्वर	महिलाको समाजिक, आर्थिक स्थिति बढाउन र महिलालाई मानव विकासमा अग्राणी राख्नको लागि स्थापित संस्था । यो विशेगा गरि उच्च गुणस्तरीय वस्तुहरुको उत्पादन गर्न समर्पित छ जसले नेपालमा सीमान्तकृत महिलाका लागि जीविका र क्षमता निर्माणका अवसरहरु प्रदान गर्दछ।	१. कार्यवाहक अध्यक्ष-दिव्य तारा तुलाधार, असन,का.म.पा. -२५, काठमाडौं २. कोषाध्यक्ष-नविना धाख्वा (शाक्य) नख्खु, ल.म.पा-६, ललितपुर ३. सचिव- अनु धाख्वा शाक्य, नख्खु, ल.म.न. पा ६, ललितपुर ४.सहसचिव- शान्ती भण्डारी श्रेष्ठ, का म.न.पा २७, काठमाडौं ५.का.स.स- विणा श्रेष्ठ, इलाम न.पा.७, इलाम ६. का.स.स-शोभा बज्राचार्य, का.म.न.पा ३०, काठमाडौं ।	३,८३,०००
२	श्री मानुषी प्रा.लि.	वि.सं. २०४८ सालमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मानुषीबाट संचालित गरीब तथा विपन्न	१. अध्यक्ष-पद्मासना शाक्य, का म.न.पा १७, काठमाडौं	६०,०००

	नख्खु, ल.म.न.पा. ४, ललितपुर	परिवारलाई लघुवित्त तथा अन्य सेवा दिएर गरिबी न्यूनीकरण तथा महिला श-सक्तिकरण गर्ने कार्यक्रम नेपाल राष्ट्र बैंक ऐन, २०१२ अनुसार वि.सं. २०५९ वैशाख २० गते नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरेर सोही वर्ष २०५९ साल असोज १ गतेबाट मानुषी लघुवित्त कार्यक्रम संचालन गरेको। मानुषी प्रा.लि. एक सामाजिक उन्मुख व्यवसाय हो जुन दश प्रतिशत सम्मको नाफालाई महिला विकासको लागि क्षमता अभिवृद्धि गर्न र संगठनको सदस्यहरुको शुद्ध लागत सुनिश्चितता प्रदान गर्न पुनःस्थापित गर्दछ।	२. संचालक-नविना धाख्वा (शाक्य) नख्खु, ल.म.पा-६, ललितपुर ३. संचालक- अनु धाख्वा शाक्य, नख्खु, ल.म.न. पा ६, ललितपुर	

(३) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :

क.सं.	नाम	सञ्चालकहरु आबद्ध रहेका कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण
१	पद्मासना शाक्य	मानुषी प्रा.लि., नख्खु, ल.म.न.पा. ४, ललितपुर
२	दिव्यतारा तुलाधर	मानुषी संस्था, का म.न.पा ३० ज्ञानेश्वर
३	नविना धाख्वा (शाक्य)	मानुषी प्रा.लि. नख्खु, ल.म.न.पा. ४, ललितपुर

कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको।

(४) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई विक्री वा हस्तान्तरण गरिने छैन।

ख) नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृती नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाइने छैन।

ग) वित्तीय संस्थाले कारोवार सञ्चालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नुपर्दा नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृती लिनुपर्नेछ। यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोवार संचालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरीद बिक्री गर्न सकिनेछ। यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ। सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ।

घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागु हुने छैन।

ङ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम ५० कित्ता शेयर वा अधिकतममा विवरण पत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ।

तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन।

च) वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखासम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा वाहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म लघुवित्त वित्तीय संस्था वा यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरीद बिक्री गर्न गराउन गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेन देन गर्न हुँदैन। तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिबन्ध लागू हुने छैन।

छ) कसैले खण्ड (च) विपरित काम गरेमा त्यस्तो शेयर वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट विक्री वितरण गर्न सक्नेछ।

ज) शेयर खरीद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र धितोपत्र कारोवार सम्बन्धी कानुन तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

भ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, धितोपत्र कारोबार सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रहि साबिकका संस्थापक शेयरधनीहरुले हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्ने भएमा प्रचलित कानुन, विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको अधिनमा रही आफ्नो सम्पूर्ण वा आंशिक हक कुनै व्यक्ति वा संस्थालाई हक हस्तारण गर्न प्रयोग गर्न सक्नेछ।

कम्पनी कानुन, धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

ख. संस्थापक/सञ्चालकसँगको कारोवार :

(अ) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सूविधा दिए वापत बैंकले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :

लघुवित्त वित्तीय संस्थाको सञ्चालकहरुले सञ्चालक समितिको बैठक भत्ता बाहेक अन्य कुनै पनि संस्थापक वा सञ्चालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा लघुवित्त वित्तीय संस्थाले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैनन्।

(आ) बुँदा (अ) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : सो नभएको।

ग.६. सीमित दायित्व सम्बन्धी विवरण :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरवालाहरुको दायित्व सीमित छ। यस लघुवित्त वित्तीय संस्थाका शेयरवालाहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

ग.७ संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

(अ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण :

क्र. सं.	कर्मचारीको नाम	नियुक्ती मिति	पद	शैक्षिक योग्यता	अनुभव तथा हाल जिम्मेवारी	शेयर संख्या	अन्य संस्थामा लगानी (शेयर संख्या)
१	श्री शोभा बज्रचार्य	२०७५/०४/०१	प्रमुख कार्यकारी अधिकृत	स्नातकोत्तर	विगत २५ वर्ष देखि मानुषी केन्द्र तथा मानुषी संस्था सँग आवद्ध रहि विभिन्न तहहरुमा कार्य गरि हाल प्रमुख कार्यकारी अधिकृतको रुपमा रहनुभएको ।	१०,०००	-
२	श्री कमल श्रेष्ठ	२०७५/०८/०१	प्रबन्धक	स्नातकोत्तर	विगत १५ वर्ष देखि मानुषीमा आवद्ध । विभिन्न तहहरुमा कार्य गरि हाल मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्धक रहनुभएको । जनशक्ति, व्यवस्थापन र प्रशासन सम्बन्धि विभाग हेर्दै आउनु भएको ।	-	-
३	श्री सृजना सिंह	२०७५/०८/०१	अधिकृत	स्नातक	विगत १८ वर्ष देखि मानुषीमा आवद्ध रहि मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको अधिकृत रहनुभएको । । लेखा, योजना तथा बजेट प्रमुख रहि कार्य गरिरहनु भएको ।	-	-

संगठित संस्थाका कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण: सो नभएको।

(आ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्न भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण : सो नभएको।

(इ) कर्मचारीको संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य :

क्र.सं.	कुल कर्मचारी संख्या	स्थायी	करार
१	११४	९७	१७

ख. सञ्चालक एवम् उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

(अ) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा:

सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार तथा नियमावलीको नियम ३२ अनुसार देहाय बमोजिम रहेकोछ,

१. सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु. २५००/- हुनेछ।

२. वित्तीय संस्थाको कामको सिलसिलमा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम रहेको छ।

अ) स्वदेशमा वास्तविक खर्च वा बढीमा दैनिक भत्ता रु. २५००/-

आ) भारतमा वास्तविक खर्च वा बढीमा दैनिक भत्ता भारु. ३,०००/-

इ) भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००/-

ई) भ्रमण भत्ता बिल बमोजिम हुनेछ।

अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(आ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :

क्र.सं.	नाम	पद	पारिश्रमिक रकम रु. (२०७६/०७७)	भत्ता
१	श्री शोभा बज्राचार्य	प्रमुख कार्यकारी अधिकृत	१६,५०,८३७	आधारभूत तलब रु. १,१४०,००० फिल्ड भत्ता रु. २४०,००० दशैं भत्ता रु. ११५,००० औषधी उपचार भत्ता रु. ३८,००४ संचयकोष रु. ११४,००० अन्य भत्ता रु. ३,८३३ (जिवन विमा, संचित विदा)
२	श्री कमल श्रेष्ठ	प्रबन्धक	९,१४,५९६	उपलब्ध नगराईएको ।
३	श्री सृजना सिंह	अधिकृत	६,५२,६६९	

इ) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :

सो नभएको।

ग.८. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा : संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नुपर्ने ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :

- कर्जा लगानीमा अप्ठ्यारो पर्न सक्ने र ग्राहक सदस्यहरुबाट जम्मा गरिएको निक्षेप रकमको भुक्तानी दिन समस्या पर्न सक्ने जोखिम रहेको।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :

- सो नभएको।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :

- नयाँ लघुवित्त संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।
- लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम : यस कम्पनी नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरि “घ” वर्गको वित्तीय संस्थाको रुपमा सञ्चालन भएको हुँदा उल्लेखित जोखिम यस वित्तीय संस्थामा नरहेको।

(ङ) विदेशी विनिमयको जोखिम : सो नभएको।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :

- यस वित्तीय संस्थाले वित्तीय कारोबार सञ्चालको लागि सबै कानुनी प्रक्रियाहरु पूरा गरी लिनुपर्ने ईजाजत प्राप्त गरिसकेको हुँदा सो प्राप्त नगरेका कारणबाट वित्तीय संस्थाको कारोबारमा कुनै अवरोध पर्न सक्ने नदेखिएको ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :

- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :

- देशको मौद्रिक नीतिलगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) सञ्चालन इतिहासको अभाव :

- यस वित्तीय संस्थाले मिति .२०७५/०६/२५ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी ८ जिल्लाको कार्य क्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७५/०७/१३ गतेदेखि मात्र कारोबार सञ्चालन गरेको हुँदा लघुवित्त वित्तीय संस्थाको कारोवार सञ्चालनको इतिहास छोटो रहेको छ। यस वित्तीय संस्थाको कार्यक्षेत्र, ग्राहक संख्या, कर्जा लगानी, निक्षेप संकलन आदिको आधारमा हेर्दा यस वित्तीय संस्थाको सञ्चालन इतिहास पुरानो देखिन्छ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :

- प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ ।

(ट) धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

- रु. १०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

(ठ) अन्य :

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
- कोभिड १९ वाट पर्न सक्ने असर: विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 ले गर्दा अर्थतन्त्रलाई नै प्रभावित पारेको र नेपाल पनि यस बाट जोगिन सकेको छैन, यस विषम परिस्थितिमा दैनिक रुपमा संचालन गर्नु पर्ने व्यापार, व्यवसाय, उद्योग धन्दा लामो समय सम्म बन्द हुँदा लघुवित्त वित्तीय संस्थालाई यस महामारीले नराम्रो प्रभाव पारेको छ। अर्थतन्त्रको समग्र क्षेत्रमा पर्न गएको असरले कर्जा असुली प्रकृयामा पर्न सक्ने जोखिम यथावत रहेको छ र ग्राहकको व्यवसायमा आएको मन्दिका कारण कर्जा प्रवाहमा कमी आउन सक्ने छ। जसले गर्दा संस्थाको व्यवसाय विस्तार तथा नाफा मा समेत असर पर्न सक्ने देखिन्छ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

यस वित्तीय संस्थाले लघुवित्तलाई सुचारु रुपले संचालन गर्नुको साथै सदस्यहरुलाई जुनसुकै बेला सुबिधायुक्त सेवाहरु उपलब्ध गराउन तथा भविष्यमा पर्न सक्ने रोग, प्राकृतिक विपत्तीले कुनै सदस्यहरुको मृत्यु भएमा वा निजको श्रीमानको मृत्यु भएमा केही रकम सहायोग प्रदान गर्नको लागि बिमा र ग्राहक संरक्षण कोष मार्फत विभिन्न प्रकारका सुविधा प्रदान गर्दै आएको छ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको छ।

साथै कोभिड १९ वाट पर्न सक्ने जोखिम न्युनिकरणको लागि ग्राहक संग नियमित सम्पर्कमा रहने कर्जाको विविधिकरण गर्ने, नियामकले निर्देशन गरे बमोजिम कर्जा भुक्तानीको अवधि भित्रमै कर्जा भुक्तान गर्न ग्राहकलाई प्रेरित गर्ने जस्ता उपायहरु अवलम्वन गरिनेछ।

यसका अतिरिक्त वित्तीय संस्थाले जोखिम न्यूनीकरणका लागि बिमा र ग्राहक संरक्षण कोष मार्फत ग्राहकहरुलाई निम्न वमोजिमको सुबिधाहरु उपलब्ध गराइएको छ।

क्र.सं.	विवरण	सदस्यले तिर्नुपर्ने शुल्क (रु)	सदस्यहरुबाट उठेको रकम (रु)	सुबिधा प्रदान गरिएको सदस्य संख्या	सुबिधा रकम (रु)
१.	ग्रामीण कर्जा बिमा	कर्जाको ०.६ प्रतिशत	६०,२६,९९७/-	६२	५१,५३,९५४/-
२	बचतकर्जा सुरक्षा योजना	वार्षिक रु. १२५/-	२३,६६३,२४/-	१००	१२,६२,०००/-
३	सुत्केरी सुविधा	ग्राहक संरक्षण कोष अन्तर्गत कुनै शुल्क नलिई प्रदान गरिएको	-	५५९	६,७०,८००/-

ग.९. वित्तीय विवरण :

क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(अ) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरण:

वित्तीय संस्थाको आ.व. २०७६/७७ को वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

वासलात (आषाढ ३१, २०७७)

पूँजी तथा दायित्व	रकम रु. (हजारमा)
शेयर पूँजी	७०,०००.००
जगेडा तथा कोषहरु	२२,८७९.५०
ऋणपत्र तथा बण्ड	-
तिर्न बाँकी कर्जा सापट	२,५६,६८०.५६
निक्षेप दायित्व	५,५२,३०९.३५
प्रस्तावित नगद लाभांश	-
आयकर दायित्व	-
अन्य दायित्व	२७,९७२.७४
कुल पूँजी तथा दायित्व	**९,२९,८४२.१६**
सम्पत्ति	
नगद मौज्दात (सिक्का समेत)	१६.९१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	१,१४,२२९.३८
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-
लगानी	-
कर्जा सापट	७,९०,८४१.६०
स्थिर सम्पत्ति	६,०९०.२७
गैर बैंकिङ्ग सम्पत्ति	-
अन्य सम्पत्ति	१८,६६४.००
कुल सम्पत्ति	**९,२९,८४२.१६**

नाफा-नोक्सान हिसाब

विवरण	रु. (हजारमा)
ब्याज आम्दानी	१,३८,८३०.३२
ब्याज खर्च	७१,२५८.७४
खुद ब्याज आम्दानी	**६७,५७१.५७**
कमिशन तथा अन्य सञ्चालन आम्दानी	१९,०८६.२३
सटही घटबढ आम्दानी	-
कुल सञ्चालन आम्दानी	**८६,६५७.८१**

कर्मचारी खर्च	४९,५२९.४४
अन्य सञ्चालन खर्च	१४,०८४.४४
सटही घटबढ नोक्सान	-
सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा	**२३,०४३.९३**
सम्भावित नोक्सानी व्यवस्थाहरु	४८,०३३.६६
सञ्चालन मुनाफा/(नोक्सान)	**(२४,९८९.७३)**
गैर सञ्चालन आम्दानी/खर्च	-
सम्भावित नोक्सानी व्यवस्थावाट फिर्ता	२३,३८२.४१
नियमित कारोवारहरुवाट भएको मुनाफा	**(१,६०७.३१)**
असामान्य कारोवारवारवाट भएको आम्दानी/खर्च	-
सम्पूर्ण कारोवार पछिको खुद मुनाफा	**(१,६०७.३१)**
कर्मचारी बोनस व्यवस्था	-
आयकर व्यवस्था	**१,५६५.५८**
यस वर्षको कर व्यवस्था	-
विगत वर्षसम्मको कर व्यवस्था	२३९.३७
पर सारिएको आयकर आम्दानी (खर्च)	१,३२६.२१
खुद नाफा/(नोक्सान)	**(३,१७२.८९)**

नाफा-नोक्सान बाँडफाँड हिसाब

विवरण	रु. (हजारमा)
आम्दानी :	
गत वर्ष सम्मको संचित मुनाफा	९,३७०.४४
जगेडा कोष/CWRD बाट जगेडा सारेको ।	-
यस वर्षको मुनाफा (नोक्सान)	(३,१७२.८९)
सटही घटवढ कोष	-
जम्मा	**६,१९७.५४**
खर्च:	
गत वर्षसम्मको संचित नोक्सान	-
यस वर्षको नोक्सान	-
साधारण जगेडा कोष	-
भैपरी आउने जगेडा	-
संस्था विकास कोष	-
लाभांश समिकरण कोष	-
कर्मचारी सम्बन्धी जगेडाहरु	-
प्रस्तावित लाभांश	-
प्रस्तावित बोनस शेयर	-
विशेष जगेडा कोष	-
सटही घटवढ कोष	-
पूँजी फिर्ता जगेडा कोष	-
पूँजी समायोजना कोष	-
स्थगन कर जगेडा कोष	-
लगानी समायोजना कोष	-
ग्राहक संरक्षण कोष	-
सामाजिक उत्तरदायित्व कोष	-
जम्मा	-
संचित मुनाफा/(नोक्सान)	**६,१९७.५४**

नगद प्रवाहको विवरण

क्र.सं.	विवरण	रु.(हजारमा)
(क)	**कारोबार संचालनबाट नगद प्रवाह**	**२४,७६८.५५**
१.	**नगद प्राप्ति**	**१,५७,९१६.५५**

१.१.	ब्याज आम्दानी	१,३८,८३०.३२
१.२.	कमिशन तथा डिस्काउन्ट आम्दानी	१९,०८६.२३
१.३.	अपलेखित कर्जाको असुली	-
२	**नगद भुक्तानी**	**१,४०,४२१.५१**
२.१	व्याज खर्च	७१,२५८.७४
२.२	कर्मचारी खर्च	४९,५२९.४४
२.३	कार्यालय संचालन खर्च	१२,२७४.८५
२.४	आयकर भुक्तानी	७,३५८.४७
२.५	अन्य खर्च	-
	कार्यगत पुंजि गतिविधि अधिको नगद प्रवाह	**१७,४९५.०४**
	सञ्चालन सम्वन्धि चालू सम्पत्तिमा कमी/(वृद्धि)	**(१२,४४८.८४)**
१.	माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि)	-
२.	अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि)	-
३.	कर्जामा कमी/(वृद्धि)	(१४,५६३.५१)
४.	अन्य सम्पतिमा कमी/(वृद्धि)	२,११४.६७
	सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)/वृद्धि	**१९,७२२.३५**
१.	निक्षेप दायित्वमा (कमी)/वृद्धि	८८,८०३.९८
२.	अल्पकालीन सापटीमा (कमी)/वृद्धि	-
३.	अन्य दायित्वमा (कमी)/वृद्धि	(६९,०८१.६२)
(ख)	**लगानी कारोवारमा नगद प्रवाह**	**(१,२६५.४१)**
१	दीर्घकालीन लगानीमा कमी/(वृद्धि)	-
२	स्थीर सम्पतिमा कमी/(वृद्धि)	(१,२६५.४१)
३	दीर्घकालीन लगानीमा व्याज आम्दानी	-
४	लाभांश आम्दानी	-
५	अन्य	-
(ग)	**वित्तीय श्रोत कारोवारमा नगद प्रवाह**	**(२९,२८६.१०)**
१.	दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी)	(२८,४८०.९८)
२	शेयर पूंजीमा वृद्धि/(कमी)	-
३.	अन्य दायित्वमा वृद्धि/(कमी)	(८०५.१२)
४.	नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी)	-
(घ)	**नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकवाट आम्दानी/खर्च**	-
(ङ)	**यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह**	**(५,७८२.९५)**
(च)	**नगद तथा बैंकमा रहेको शुरु मौज्दात**	**१,२०,०२९.२४**
(छ)	**नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात**	**१,१४,२४६.२९**

(आ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण :

वासलात

पूँजी तथा दायित्व	**वास्तविक (रु.हजारमा)**	
	०७५/०७६	**०७६/०७७**
शेयर पूँजी	७०,०००.००	७०,०००.००
जगेडा तथा कोषहरु	२६,८५७.५१	२२,८७९.५०
ऋणपत्र तथा बण्ड	-	-
तिर्न बाँकी कर्जा सापट	२,८५,१६१.५४	२,५६,६८०.५६
निक्षेप दायित्व	४,६३,५०५.३८	५,५२,३०९.३५
प्रस्तावित नगद लाभांश	-	-
आयकर दायित्व	७,११९.१०	-
अन्य दायित्व	९७,०५४.३७	२७,९७२.७४
कुल पूँजी तथा दायित्व	**९,४९,६९७.९०**	**९,२९,८४२.१६**

सम्पत्ति	वास्तविक (रु.हजारमा)	
	०७५/०७६	०७६/०७७
नगद मौज्दात (सिक्का समेत)	-	१६.९१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-
बैंक/ वित्तीय संस्थामा रहेको मौज्दात	१,२०,०२९.२४	१,१४,२२९.३८
माग तथा अल्प सूचनामा प्राप्त हुन रकम	-	-
लगानी	-	-
कर्जा सापट	८,००,९२९.३३	७,९०,८४१.६०
स्थिर सम्पत्ति	६,६३४.४५	६,०९०.२७
गैर बैंकिङ्ग सम्पत्ति	-	-
अन्य सम्पत्ति	२२,१०४.८८	१८,६६४.००
कुल सम्पत्ति	**९,४९,६९७.९०**	**९,२९,८४२.१६**

नाफा नोक्सान हिसाव

विवरण	वास्तविक (रु.हजारमा)	
	आ.व.२०७५/७६	आ.व.२०७६/७७
ब्याज आम्दानी	**१,०४,५१२.८५**	१,३८,८३०.३२
ब्याज खर्च	४६,१९५.८६	७१,२५८.७४
खुद ब्याज आम्दानी	**५८,३१६.९९**	**६७,५७१.५७**
कमिशन तथा अन्य सञ्चालन आम्दानी	५,७६४.९४	१९,०८६.२३
सटही घटबढ आम्दानी	-	-
कुल सञ्चालन आम्दानी	**६४,०८१.९३**	**८६,६५७.८१**
कर्मचारी खर्च	३२,६७३.१४	४९,५२९.४४
अन्य सञ्चालन खर्च	९,५०७.६८	१४,०८४.४४
सटही घटबढ नोक्सान	-	-
सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा	**२१,९०१.११**	**२३,०४३.९३**
सम्भावित नोक्सानी व्यवस्थाहरु	६,९२२.९५	४८,०३३.६६
सञ्चालन मुनाफा/(नोक्सान)	**१४,९७८.१६**	**(२४,९८९.७३)**
गैर सञ्चालन आम्दानी/(नोक्सान)	-	-
सम्भावित नोक्सानी व्यवस्थावाट फिर्ता	४,६९४.६८	२३,३८२.४१
नियमित कारोवारहरुवाट भएको मुनाफा	**१९,६७२.८४**	**(१,६०७.३१)**
असामान्य कारोवारबाट भएको आम्दानी/खर्च	-	-
सम्पूर्ण कारोवार पछिको खुद मुनाफा	**१९,६७२.८४**	**(१,६०७.३१)**
कर्मचारी बोनस व्यवस्था	१,९६७.२८	-
आयकर व्यवस्था	**५,५८७.८४**	**१,५६५.५८**
यस वर्षको कर व्यवस्था	७,११९.१०	-
गत वर्षको कर व्यवस्था	-	२३९.३७
यस वर्षको स्थगत कर आम्दानी (खर्च)	(१,५३१.२६)	१,३२६.२१
खुद नाफा/(नोक्सान)	**१२,११७.७१**	**(३,१७२.८९)**

नाफा नोक्सान बाँडफाँड हिसाव

विवरण	वास्तविक (रु.हजारमा)	
	आ.व.२०७५/७६	आ.व.२०७६/७७
आम्दानीः		
गत वर्षसम्मको संचित मुनाफा	(८१.३८)	९,३७०.४४
जगेडा कोष/CWRD बाट जगेडा सारेको ।	-	-
यस वर्षको मुनाफा	१२,११७.७१	(३,१७२.८९)
सटही घटवढ कोष	-	-
जम्मा	**१२,०३६.३३**	**६,१९७.५४**

खर्चः		
गत वर्षसम्मको संचित नोक्सान	-	-
यस वर्षको नोक्सान	-	-
साधारण जगेडा कोष	२,४२३.५४	-
भैपरी आउने जगेडा		-
संस्था विकास कोष	-	-
लाभांश समिकरण कोष	-	-
कर्मचारी सम्बन्धी जगेडाहरु	-	-
प्रस्तावित लाभांश	-	-
प्रस्तावित बोनस शेयर जारी	-	-
विशेष जगेडा कोष	-	-
सटही घटवढ कोष	-	-
पूँजी फिर्ता जगेडा कोष	-	-
लगानी समायोजना कोष	-	-
स्थगन कर जगेडा	-	-
संस्थागत सामाजिक उत्तरदायित्व कोष	१,२१.१८	-
ग्राहक संरक्षण कोष	१,२१.१८	-
जम्मा	**२,६६५.९०**	-
संचित मुनाफा/(नोक्सान)	**९,३७०.४३**	**६,१९७.५४**

नगद प्रवाह विवरण

विवरण	वास्तविक (रु.हजारमा)	
	आ.व.२०७५/७६	**आ.व.२०७६/७७**
क) कारोबार संचालनबाट नगद प्रवाह	**(२,४२,८९३.४७)**	**२४,७६८.५५**
१. नगद प्राप्ती	१,१०,२७७.७९	१,५७,९१६.५५
१.१ ब्याज आम्दानी	१,०४,५१२.८५	१,३८,८३०.३२
१.२ अपलेखित कर्जाको असुली	-	-
१.३ कमिशन तथा डिष्काउन्ट आम्दानी	५,७६४.९४	१९,०८६.२३
२. नगद भुक्तानी	**८७,२४३.४०**	**१,४०,४२१.५१**
२.१ ब्याज खर्च	४६,१९५.८६	७१,२५८.७४
२.२ कर्मचारी खर्च	३२,६७३.१४	४९,५२९.४४
२.३ कार्यालय संचालन खर्च	८,३७४.४०	१२,२७४.८५
२.४ आयकर भुक्तानी	-	७,३५८.४८
२.५ अन्य खर्च	-	-
कार्यगत पुंजी गतिविधि अघिको नगद प्रवाह	**२३,०३४.३९**	**१७,४९५.०४**
सञ्चालन सम्बन्धि चालु सम्पत्तिमा कमी/वृद्धि	**(८,२३,६७४.२६)**	**(१२,४४८.८४)**
१. माग तथा अन्य सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि)	-	-
२. अन्य अल्पकालीन लगानीमा कमी/ (वृद्धि)	-	-
३. कर्जामा कमी/(वृद्धि)	(८,०३,१५७.६१)	(१४,५६३.५१)
४. अन्य सम्पत्तिमा कमी/(वृद्धि)	(२०,५१६.६६)	२,११४.६७
सञ्चालन सम्बन्धि चालु दायित्वमा (कमी/(वृद्धि)	**५,५७,७४६.४०**	**१९,७२२.३५**
१. निक्षेप दायित्वमा (कमी/(वृद्धि)	४,६३,५०५.३८	८८,८०३.९८
२. अल्पकालीन सापटीमा (कमी/वृद्धि)	-	-
३. अन्य दायित्वमा (कमी/वृद्धि)	९४,२४१.०२	(६९,०८१.६३)
ख) लगानी कारोबारमा नगद प्रवाह	**(७,६७४.६०)**	**(१,२६५.४१)**
१. दीर्घकालीन लगानीमा (कमी/(वृद्धि)	-	-
२. स्थीर सम्पत्तिमा (कमी/(वृद्धि)	(७,६७४.६०)	(१,२६५.४१)
३. दीर्घकालिन लगानीमा ब्याज आम्दानी	-	-
४. लाभांश आम्दानी	-	-
५. अन्य	-	-

ग) वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह	३,२५,७३६.२३	(२९,२८६.१०)
१. दीर्घकालिन ऋण(वण्ड, डिवेञ्चर आदि) मा वृद्धि/(कमी)	२,८५,१६१.५४	(२८,४८०.९८)
२. शेयर पुँजीमा वृद्धि/(कमी)	२५,७५३.५०	
३. अन्य दायित्वमा वृद्धि/(कमी)	१४,८२१.१८	(८,०५.१२)
४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी)	-	-
घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च	-	-
ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह	**७५,१६८.१६**	**(५,७८२.९५)**
च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात	४४,८६१.०९	१,२०,०२९.२४
छ) नगद तथा बैकमा रहेको अन्तिम मौज्दात	१,२०,०२९.२४	१,१४,२४६.२९

(इ) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण:

लघुवित्त वित्तीय संस्थाको आ.व. २०७७/७८ को तेस्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरण

वासलात

पूँजी तथा दायित्व	**रु. हजारमा**
१. शेयर पूँजी	७०,०००.००
२. जगेडा तथा कोषहरु	३४,२८२.२८
३. ऋणपत्र तथा बण्ड	-
४. तिर्न बाँकी कर्जा सापट	३,७३,२१५.८८
५. निक्षेप दायित्व	६,२२,२०४.९०
६. भुक्तानी दिनु पर्ने बिलहरु	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-
८. आयकर दायित्व	५९८२.०३
९. अन्य दायित्व	५०,२६७.०८
कुल दायित्व	**११,५५,९५२.१७**
सम्पत्ति	**रु. हजारमा**
१. नगद मौज्दात	१,२७,९८१.३६
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-
३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात	-
४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	-
५. लगानी	-
६. कर्जा सापट तथा बिल खरिद	९,८१,१५१.२५
७. स्थिर सम्पत्ति	७००९.४९
८. गैर बैंकिङ्क सम्पत्ति	-
९. अन्य सम्पत्ति	३९,८१०.००
कुल सम्पत्ति	**१,१५४,९२३.००**

नाफा नोक्सान हिसाव

विवरण	**रु. हजारमा**
१. व्याज आम्दानी	१,०५,५२१.४७
२. व्याज खर्च	४४,६२३.३६
खुद व्याज आम्दानी	**६०,८९८.११**
३. कमिशन तथा डिस्काउण्ट	३७०.२३

४. अन्य संचालन आम्दानी	१९,१०१.४७
५. सटही घटबढ आम्दानी	-
कुल संचालन आम्दानी	**८०,३६९.८१**
६. कर्मचारी खर्च	४१,०२०.२७
७. अन्य संचालन खर्च	१०,७७१.४१
८. सटही घटबढ नोक्सान	-
सम्भावित नोक्सनी व्यबस्था अघिको संचालन मुनाफा	**२८,५७८.१३**
९. सम्भावित नोक्सानी	१७,२१,३०९.९२
संचालन मुनाफा/(नोक्सान)	**(१६,९२,७३१.७९)**
१०.गैर संचालन आम्दानी/(नोक्सान)	-
११.सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता	१७,१२,६७१.८९
नियमित कारोवारबाट भएको मुनाफा	**१९,९४०.१०**
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	- -
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	**१९,९४०.१०**
१३.कर्मचारी बोनस व्यवस्था १४.आयकर व्यबस्था यस वर्षको गत वर्षको पर सारिएको आयकर आम्दानी/(खर्च)	१,९९४.०१ ५,९८२.०३ - -
खुद मुनाफा/(नोक्सान)	**११,९६४.०६**

नगद प्रवाह विवरण

विवरण	रु. हजारमा
क) कारोबार संचालनबाट नगद प्रवाह	**(१,०१,३१९.७५)**
१. नगद प्राप्ति	**१,२४,९९३.१३**
१.१ व्याज आम्दानी	१,०५,५२१.४४
१.२ अपलेखित कर्जाको असुली	-
१.३ कमिशन तथा डिष्काउन्ट आम्दानी	१९,४७१.७०
२. नगद भुक्तानी	**९६,४१५.०५**
२.१ व्याज खर्च	४४,६२३.३६
२.२ कर्मचारी खर्च	४०,९४४.९४
२.३ कार्यालय संचालन खर्च	१०,८४६.७५
२.४ आयकर भुक्तानी	-
२.५ अन्य खर्च	-
कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह	२८,५७८.०८
सञ्चालन सम्बन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)	**(२,०४,४०३.९७)**
१. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि)	-
२. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि)	-
३. कर्जामा कमी/(वृद्धि)	(१,९८,९४७.४१)
४. अन्य सम्पत्तिमा कमी/(वृद्धि)	(५,४५६.५५)
सञ्चालन सम्बन्धि चालु दायित्वमा (कमी/(वृद्धि)	**७४,५०६.१३**
१. निक्षेप दायित्वमा (कमी/(वृद्धि)	**६९,८९५.५५**
२. अल्पकालीन सापटीमा (कमी/(वृद्धि)	-

३. अन्य दायित्वमा (कमी)/(वृद्धि)	**४,६१०.५९**
ख) लगानी कारोबारमा नगद प्रवाह	**(९१९.२२)**
१. दीर्घकालीन लगानीमा (कमी)/(वृद्धि)	-
२. स्थीर सम्पत्तिमा (कमी)/(वृद्धि)	(९१९.२२)
३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी	-
४. लाभांश आम्दानी	-
५. अन्य	-
ग) वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह	**१,१५,९७४.०४**
१. दीर्घकालिन ऋण (वण्ड, डिवेञ्चर आदि) मा वृद्धि/(कमी)	१,१६,५३५.३२
२. शेयर पुँजीमा वृद्धि/(कमी)	-
३. अन्य दायित्वमा वृद्धि/(कमी)	(५६१.२८)
४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी)	-
घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च	-
ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह	१३,७३५.०७
च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात	१,१४,२४६.२९
छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात	१,२७,९८१.३६

(ई) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :
सो नभएको।

(उ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको करोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :
सो नभएको।

(ऊ) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी : सो नभएको।

(ए) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य :
सो नभएको।

(ऐ) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :
वित्तीय संस्थाको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

पूँजी तथा दायित्व	**प्रक्षेपित (रु.हजारमा)**		
	०७७/०७८	**०७८/०७९**	**०७९/८०**
शेयर पूँजी	१०९,३७५.००	१०९,३७५.००	१०९,३७५.००
जगेडा तथा कोषहरु	३३,८३७.००	५०,७६०.००	८०,११७.००
ऋणपत्र तथा बण्ड	–	–	–
तिर्न बाँकी कर्जा सापट	४३३,१९९.००	५४१,४९९.००	६७६,८७४.००
निक्षेप दायित्व	६४९,७९९.००	८१२,२४९.००	१,०१५,३११.००
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	–	–	–
आयकर दायित्व	४,६९६.००	७,२५३.००	१२,५८२.००
अन्य दायित्व	५३,३०२.००	५३,८३५.००	५४,३७३.००
कुल पूँजी तथा दायित्व	**१,२८४,२०७.००**	**१,५७४,९७१.००**	**१,९४८,६३१.००**
सम्पत्ति	**प्रक्षेपित (रु.हजारमा)****		
	०७७/०७८	**०७८/०७९**	**०७९/८०**
नगद मौज्दात (सिक्का समेत)	१२,९९६.००	१६,२४५.००	२०,३०६.००
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	–	–	–
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	८६,६४०.००	१,०८,३००.००	१,३५,३७५.००

माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१,१९,४१६.००	१,२०,३३४.००	१,२९,३५६.००
लगानी	-	-	-
कर्जा सापट तथा बिल खरिद	१,०३६,९३५.००	१,२९९,०७०.००	१,६२९,४९१.००
स्थिर सम्पत्ति	७,७१०.००	८,४८१.००	९,३२९.००
गैर बैंकिङ्ग सम्पत्ति	–	–	–
अन्य सम्पत्ति	२०,५१०.००	२२,५४०.००	२४,७७४.००
कुल सम्पत्ति	**१२,८४,२०७.००**	**१५,७४,९७१.००**	**१९,४८,६३१.००**

नाफा नोक्सान हिसाव

विवरण	प्रक्षेपित (रु.हजारमा)**		
	०७७/०७८	०७८/०७९	०७९/८०
ब्याज आम्दानी	१,४२,८८२.००	१,८१,५७९.००	२,२६,६५८.००
ब्याज खर्च	६७,९४४.००	८७,७२३.००	१,०९,६५४.००
खुद ब्याज आम्दानी	**७४,९३८.००**	**९३,८५६.००**	**१,१७,००५.००**
कमिशन तथा डिस्काउन्ट			
अन्य सञ्चालन आम्दानी	१६,०८४.००	१८,३२६.००	२०,९६१.००
सटही घटबढ आम्दानी	-	-	-
कुल सञ्चालन आम्दानी	**९१,०२२.००**	**१,१२,१८२.००**	**१,३७,९६६.००**
कर्मचारी खर्च	५४,४८२.००	५९,९३१.००	६५,९२४.००
अन्य सञ्चालन खर्च	१५,४९३.००	१७,०४२.००	१७,८९४.००
सटही घटबढ नोक्सान	–	–	–
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**२१,०४७.००**	**३५,२०९.००**	**५४,१४८.००**
सम्भावित नोक्सानी	३,८२९.००	८,६१६.००	८,०१५.००
सञ्चालन मुनाफा/नोक्सान	**१७,२१८.००**	**२६,५९३.००**	**४६,१३२.००**
गैर सञ्चालन आम्दानी/नोक्सान	–	–	–
सम्भावित नोक्सानी व्यवस्थावाट फिर्ता	–	–	–
नियमित कारोवारहरुवाट भएको मुनाफा	**१७,२१८.००**	**२६,५९३.००**	**४६,१३२.००**
असामान्य कारोवारबाट भएको मुनाफा/खर्च	–	–	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	**१७,२१८.००**	**२६,५९३.००**	**४६,१३२.००**
कर्मचारी बोनस व्यवस्था	१,५६५.००	२,४१८.००	४,१९४.००
आयकर व्यवस्था	**४,६९६.००**	**७,२५३.००**	**१२,५८२.००**
यस वर्षको	४,६९६.००	७,२५३.००	१२,५८२.००
गतवर्षको	–	–	–
पर सारिएको आयकर आम्दानी/ (खर्च)	–	–	–
खुदनाफा/(नोक्सान)	**१०,९५७.००**	**१६,९२३.००**	**२९,३५७.००**
शेयर संख्या (हजारमा)	**१,०९३.७५**	**१,०९३.७५**	**१,०९३.७५**
प्रति शेयर आम्दानी (रु.)	**१०.०२**	**१५.४७**	**२६.८४**

नाफा नोक्सान बाँडफाँड हिसाव खाता

विवरण	प्रक्षेपित (रु.हजारमा)**		
	०७७/०७८	०७८/०७९	०७९/८०
आम्दानीः			
गत वर्ष सम्मको संचित मुनाफा	६,१९८.००	१४,७४४.००	२७,९४४.००
यस वर्षको मुनाफा (नोक्सान)	१०,९५७.००	१६,९२३.००	२९,३५७.००

सटही घटवढ कोष	–	–	–
जम्मा	**१७,१५४.००**	**३१,६६७.००**	**५७,३०१.००**
खर्चः	–	–	–
गत वर्ष सम्मको संचित नोक्सान	–	–	–
यस वर्षको नोक्सान	–	–	–
साधारण जगेडा कोष	२,१९१.००	३,३८५.००	५,८७१.००
भैपरी आउने जगेडा	–	–	–
संस्था विकास कोष			
लाभांश समिकरण कोष	–	–	–
कर्मचारी सम्बन्धी जगेडाहरु	–	–	–
प्रस्तावित लाभांश	–	–	–
प्रस्तावित बोनस शेयर जारी	–	–	–
विशेष जगेडा कोष	–	–	–
सटही घटवढ कोष	–	–	–
पूँजी फिर्ता जगेडा कोष	–	–	–
पूँजी समायोजन कोष	–	–	–
अन्य (स्थगन कर जगेडा)	–	–	–
लगानी समायोजना कोष	–	–	–
ग्राहक संरक्षण कोष	११०.००	१६९.००	२९४.००
कर्मचारी प्रशिक्षण कोष	–	–	–
सामाजिक उत्तर दायित्व कोष	११०.००	१६९.००	२९४.००
जम्मा	**२,४१०.००**	**३,७२३.००**	**६,४५९.००**
संचित मुनाफा/(नोक्सान)	**१४,७४४.००**	**२७,९४४.००**	**५०,८४२.००**

** प्रक्षेपित वित्तीय विवरण लघुवित्त वित्तीय संस्था आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु के.पि.एन एण्ड एसोसिएटस्का चार्टर्ड एकाउटेण्ट श्री केशव प्रसाद न्यौपाने बाट प्रमाणित गरिएको छ ।

लघुवित्त वित्तीय संस्थाको वित्तीय प्रक्षेपणका आधारहरु :

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :			
विवरण	**आ.ब. ०७७/७८**	**आ.ब. ०७८/७९**	**आ.ब. ०७९/८०**
१. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा)	१७.६५%	२५.००%	२५.००%
२. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा)	३१.१२%	२५.२८%	२५.४४%
३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा)	१३०.७६%	१३३.६०%	१३५.२५%
४. कुल आयमा औषत बृद्धिदर	०.६६%	२५.७५%	२३.८७%
५. कुल खर्चमा औषत बृद्धिदर	२.२६%	१९.४१%	१७.४७%
६. संचालन खर्च तथा कुल आम्दानी अनुपात	४४.०२%	३८.५०%	३३.८५%
७. खुद मुनाफामा औषत बृद्धिदर	–४४५.३२%	५४.४५%	७३.४७%
८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	६.८०%	६.८०%	६.८०%
९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा)	१७.००%	१७.००%	१७.००%
१०. आयकर व्यवस्था (प्रतिशतमा)	३०.००%	३०.००%	३०.००%

निस्क्रिय कर्जा सापट (प्रतिशतमा)	४.२५%	३.८३%	२.९५%
लगानी मा प्रतिफल	१५.००%	१५.००%	१५.००%
अन्य संचालन खर्चका वृद्धिदर	-१५.७३%	१३.९४%	१४.३८%
कर्मचारी खर्चमा बृद्धिदर	१०.००%	१०.००%	१०.००%
% of Provision on Total Gross Loan	४.२५%	४.०४%	३.७०%
CRR	९.२०%	९.२०%	९.२०%
SLR	९.२०%	९.२०%	९.२०%

आधारहरु प्रस्तुत गर्ने :

वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :
वित्तीय प्रक्षेपण गर्दा लिइएका प्रमुख मान्यता एवं आधारहरु निम्न वमोजिम रहेका छन ।

१ शेयर पुंजी
संस्थाको हाल चुक्ता पुंजी रु. ७ करोड रहेको छ । यस वर्ष रु. ३९,३७५ हजारको साधारण शेयर निष्काशन पश्चात कम्पनीको पूँजी रु. १,०९,३७५ हजार पुग्ने प्रक्षेपण गरिएको छ ।

२. निक्षेप तथा तिर्न बाँकी कर्जा तथा सापट
संस्थाको विगतको अनुभव तथा यस पश्चात लिइने वजार नीतिका आधारमा संस्थाले लगानी गरेको कुल कर्जा रकमको ४० प्रतिशत रकम कर्जा तथा सापट लिइने प्रक्षेपण गरिएको छ । साथै कर्जा तथा सापट रकममा बार्षिक ७.५ प्रतिशतका दरले ब्याज खर्च जनाइएको छ ।

संस्थाको विगतको अनुभव तथा यस पश्चात लिइने वजार नीतिका आधारमा संस्थाले लगानी गरेको कुल कर्जा रकमको ६० प्रतिशत रकम निक्षेप लिइने प्रक्षेपण गरिएको छ । साथै निक्षेपको औषत मौज्दात रकममा ७ प्रतिशतका दरले ब्याज खर्च जनाइएको छ ।

३. आयकर ब्यवस्था
प्रचलित आयकर ऐनको व्यवस्था वमोजिम खुद नाफाको ३० प्रतिशतले हुने रकम आयकर वापत व्यवस्था गरिएको छ ।

४. नगद मौज्दात
कुल निक्षेप रकमको २ प्रतिशत नगद मौज्दात रहने प्रक्षेपण गरिएको छ ।

५. कर्जा तथा सापट
कर्जा तथा सापट को निक्षेप र प्राथमिक पुंजीको अनुपात (CCD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरीएको छ ।
आ.व. २०७७/७८, २०७८/७९ र २०७९/८० मा कर्जा तथा सापट रकममा कायम कर्जा तथा सापट रकमको क्रमशः ३० प्रतिशत, २५ प्रतिशत र २५ प्रतिशत बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

कर्जा तथा सापट रकमको औषत मौज्दातको १५ प्रतिशतका दरले ब्याज आम्दानी जनाइएको छ ।
कर्जा तथा सापट लाई जोखिम बर्गिकरण गरी कर्जा नोक्सानी व्यवस्था गरिएको छ ।

६.स्थिर सम्पत्ती
स्थिर सम्पत्तीको खुद मौज्दातमा हरेक बर्ष १० प्रतिशतले बृद्धि गरिएको छ । साथै ह्रास कट्टी रकममा समेत हरेक बर्ष सोहि अनुपातमा बृद्धि गरिएको छ ।

७. कर्मचारी बोनस
बोनश ऐनको व्यवस्था वमोजिम कर्मचारी बोनश व्यवस्था गरिएको छ ।

८. पुंजीकोष
नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम संस्थाको पुंजीकोष पर्याप्त रहने देखिएको छ ।

१०. कर्मचारी खर्च
कर्मचारी खर्चमा हरेक बर्ष १० प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

११. अन्य संचालन खर्च

अन्य संचालन खर्चमा प्रथम तथा दोश्रो बर्षमा १० प्रतिशतका दरले र अन्तिम बर्षमा ५ प्रतिशतका दर दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

ख. वित्तीय अनुपात सम्बन्धी विवरण:

अ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी(EPS)तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।

लघुवित्त वित्तीय संस्थाको वास्तविक तथा प्रक्षेपित इपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम छ :

विवरण	वास्तविक (रु.हजारमा)		प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७	आ.ब. ०७७/७८	आ.ब. ०७८/७९	आ.ब. ०७९/८०
चुक्ता पुंजी	७०,०००	७०,०००	१,०९,३७५	१,०९,३७५	१,०९,३७५
जगेडा तथा कोषहरु	२६,८५८	२२,८८०	३३,८३७	५०,७६०	८०,११७
कुल	**९६,८५८**	**९२,८८०**	**१,४३,२१२**	**१,६०,१३५**	**१,८९,४९२**
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	–	–	–	–	–
कुल नेटवर्थ	**९६,८५८**	**९२,८८०**	**१,४३,२१२**	**१,६०,१३५**	**१,८९,४९२**
शेयर संख्या (हजारमा)	७००	७००	१,०९४	१,०९४	१,०९४
प्रति शेयर नेटवर्थ (रु.)	१३८.३७	१३२.६९	१३०.९४	१४६.४१	१७३.२५
प्रति शेयर आम्दानी	१७.३१	(४.५३)	१०.०२	१५.४७	२६.८४
प्रति शेयर चुक्ता पुंजी	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल (प्रतिशत)	१२.५१%	–३.४२%	७.६५%	१०.५७%	१५.४९%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (प्रतिशत) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा (प्रतिशत)	–३.७५%				

आ) विगत २ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : ४.५४ प्रतिशत

(२ वर्षको मात्र समावेश गरिएको आर्थिक वर्ष २०७४/०७५ मा वित्तिय मध्यस्तकर्ता भई काम गरेको)

ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

क. धितोपत्र जारी गर्नुको उद्देश्य :

१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम लघुवित्त वित्तीय संस्थाको प्रवन्ध-पत्रमा जारी पूँजीको ३६% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु. ३,९३,७५,०००/- शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी र सामुहिक लगानी कोष समेत) लाई बिक्री वितरण गरी लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु.१०,९३,७५,०००/- पुर्याउन।

२) लघुवित्त वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।

३) वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।

ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

(अ) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने तरिका र क्षेत्र सम्बन्धी विवरण :

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

- आ.व. २०७७/७८ मा यस वित्तीय संस्थाले वित्तीय पहुँच कम भएका स्थानहरुमा वित्तीय सेवा प्रदान गर्नका लागि कम्तीमा १२ वटा नयाँ शाखा कार्यालयहरु स्थापना गर्न तथा व्यवसायमा भएको बृद्दि सँगै हाल रहेको भौतिक सम्पत्ति थप गर्नको लागि- रु. २,००,००,०००/-
- पशुपालन तथा कृषीकर्जा - रु. ५०,००,०००/-
- खुद्रा व्यापार र सेवा कर्जा - रु. ५०,००,०००/-

- साना तथा घरेलु उद्योग कर्जा - रु. ९३,७५,०००/-

मानुषी लघुवित्त वित्तीय संस्था लि. को भौतिक पूर्वाधार तथा शाखा विस्तारको विवरण देहाय बमोजिम रहेको छ :

क्र.सं.	प्रदेश	जिल्ला	थप हुने शाखा संख्या	अनुमानित भौतीक सम्पत्ति (रकम) रु.	अनुमानित अभौतीक सम्पत्ति (रकम)	अन्य शाखा व्यवस्थापन खर्चहरु				
						कर्मचारी खर्च	घरभाडा खर्च	इन्टरनेट/संचार खर्च	फिल्ड व्यवस्थापनको लागि यातायात खर्च	जम्मा खर्च
१	२	बारा	१	३,२४,०००	५०,०००	८,६४,०००	२,००,०००	४५,०००	१,८०,०००	१६,६३,०००
२	२	पर्सा	१	३,२४,०००	५०,०००	८,६४,०००	२,०४,०००	४५,०००	१,८०,०००	१६,६७०००
३	बागमती	भक्तपुर	१	३,२४,०००	५०,०००	८,६४,०००	२,०४,०००	४५,०००	१,८०,०००	१६,६७०००
४	बागमती	ललितपुर	१	३,२४,०००	५०,०००	८,६४,०००	२,०४,०००	४५,०००	१,८०,०००	१६,६७०००
५	बागमती	चितवन	२	६,४८,०००	१,००,०००	१७२८,०००	४,०८,०००	९०,०००	३,६०,०००	३३,३४,०००
६	बागमती	दोलखा	१	३,२४,०००	५०,०००	८,६४,०००	२,०४,०००	४५,०००	१,८०,०००	१६,६७०००
७	बागमती	धादिङ	१	३,२४,०००	५०,०००	८,६४,०००	२,०४,०००	४५,०००	१,८०,०००	१६,६७०००
८	गण्डकी	गोर्खा	१	३,२४,०००	५०,०००	८,६४,०००	२,०४,०००	४५,०००	१,८०,०००	१६,६७०००
९	गण्डकी	नवलपुर	१	३,२४,०००	५०,०००	८,६४,०००	२,०४,०००	४५,०००	१,८०,०००	१६,६७०००
१०	गण्डकी	स्याङ्गजा	१	३,२४,०००	५०,०००	८,६४,०००	२,०४,०००	४५,०००	१,८०,०००	१६,६७०००
११	५	परासी	१	३,२४,०००	५०,०००	८,६४,०००	२,०४,०००	४५,०००	१,८०,०००	१६,६७०००
जम्मा	४	११	१२	**३८,८८,०००**	**६,००,०००**	**१,०३६८,०००**	**२४,४४,०००**	**५,४०,०००**	**२१,६०,०००**	**२,००,००,०००**

(आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :

विगतमा अन्य बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा निष्काशित शेयरहरु पूर्ण रुपमा आवेदन प्राप्त हुने देखिएकोले यस लघुवित्तवित्तीय संस्थाको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने लघुवित्त वित्तीय संस्थाको धारणा रहेको छ। कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्णरुपमा बिक्री नभएमा, श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेडले निष्काशन रकमको शत प्रतिशत शेयर आफैंले खरीद गर्ने प्रत्याभूति सम्झौता गरिएको छ।

(इ) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :

सो नभएको।

(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति :

सो नभएको।

(उ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बुँदाहरु :

सो नभएको।

(ऊ) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :

सो नभएको।

(ए) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :

सो नभएको।

(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :

सो नभएको।

(ओ)आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :

सो नभएको।

(औ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धी विवरण :

(१) निष्काशन तथा बिक्री प्रवन्धक :

यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रवन्धक सम्बन्धी कार्यका लागि नियुक्त श्री नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रु.१,००,०००/- (अक्षरुपी एक लाख रुपैंया मात्र) भुक्तानी दिइनेछ ।

(२) ट्रष्टि (डिवेन्चर निष्काशनको हकमा) :

सो नभएको।

(३) प्रत्याभूतिकर्ता :

प्रत्याभूतीकर्ता श्री ग्लोबल आइएमइ क्यापिटल लिमिटेडलाई प्रत्याभुति सेवा प्रदान गरे वापत रु. ४०,०००/- (अक्षेरपी चालीस हजार मात्र) आवश्यक कर कट्टी गरी कमिशनको रुपमा दिइने छ।

(४) विज्ञहरु :

वित्तीय प्रक्षेपणका अनुमान तथा आधारहरु पुनरावलोकन गर्ने विशेषज्ञलाई रु. ५०,०००/- (अक्षेरपी पचास हजार मात्र) भ्याट बाहेक प्रदान गरिएको।

(५) लेखापरिक्षक :

वित्तीय संस्थाको आ.ब.०७६/०७७ को लेखापरिक्षण सम्बन्धी कार्य सञ्जय चौधरी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्ट श्री संजय कुमार चौधरीले गर्नु भएको हो। उक्त लेखापरिक्षणको कार्य गर्नका लागि सेवा शुल्क बापत भ्याट सहित रु. २,२६०००/– (अक्षरुपी दुई लाख छब्बीस हजार रुपैंया मात्र) प्रदान गरेको छ।

(६) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि):

आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरु संकलन केन्द्रको रुपमा रहने छन्।

ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :

सो नभएको।

घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :

प्रिमियम थप नगरिएको।

ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदको लागि अत्याधिक वा न्युन माग भइ प्राप्त भएका आवेदनहरुलाइ धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ३० मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धि सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिने छ। यदि निष्काशन गरिएको शेयरको सख्या भन्दा कम शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम धितोपत्र बाँडफाँट गरि बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताले प्रत्याभूति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरिद गर्नेछ।

(२) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :

शेयर विक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरि धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धि सि आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाइ उपलब्ध गराइने छ र सोही विवरण अनुरुप सि आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरि फिर्ता गरिदिनेछ।

(३) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ पूर्णरुपमा लागु भइसकेको सन्दर्भमा यो व्यवस्था लागु नहुने।

(४) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई निजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भएपश्चात सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ।

(५) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :

हाल सम्म सूचीकरण भई नसकेको ।

(६) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :

हालसम्म सूचिकरण भई नसकेको हुँदा यस शेयरको बाँडफाँड पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको नियमानुसार शेयरको सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईनेछ ।

च. प्रत्याभूति सम्बन्धी विवरण:

(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम

यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्काशन गर्न लागिएको ३,९३,७५० कित्ता साधारण शेयरको लागि रु ३,९३,७५,०००/- रकम अर्थात शत प्रतिशत रकम श्री ग्लोबल आइएमइ क्यापिटल लिमिटेड, कान्तीपथ काठमाण्डौंद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

अ) प्रत्याभूतिकर्ताले ३,९३,७५० कित्ताले हुन आउने रकम रु. ३,९३,७५,०००/- बराबरको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।

आ) प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत लघुवित्त वित्तीय संस्थाले रु. ४०,०००/- लाग्ने कर कट्टी गरि कमिशनको रुपमा दिइने छ ।

इ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताहरुको दायित्व प्रत्याभूति कित्ता शेयरहरुमा मात्र सीमित हुनेछ ।

ई) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूति कित्ता शेयरहरुमा सीमित हुने गरी खरीद गर्ने सहमती जनाएको छ ।

उ) यस सम्झौता पत्रको अवधि सर्वसाधारण शेयर निष्काशन बाँडफाँट भए पश्चात सकिने छ ।

ऊ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौता पत्र स्वत: खारेज हुनेछ ।

ए) यस सम्झौताको ब्याख्यामा वा कार्यान्वयनमा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा सबै पक्षको सहकार्यमा विवाद निरोपण गरिनेछ । सो बाट विवाद निरोपण नभएमा सबै पक्षले एक एक जना मध्यस्थकर्ता नियुक्त गर्नेछन । यसरी नियुक्त मध्यस्थकर्ताको सहमतीमा मुख्य मध्यस्थकर्ताको नियुक्ति गरिने छ र मध्यस्थकर्ताद्वारा गरिएको निर्णय सबैपक्षलाई मान्य हुनेछ ।

छ. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण :

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ. साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण लघुवित्त वित्तीय संस्थाले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा लघुवित्त वित्तीय संस्थाको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ ।

(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. वित्तीय संस्थाको प्रवन्ध–पत्र तथा नियमावली वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रे जिल्ला बनेपा नगरपालिका -१३, साँगामा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तवालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० (दश) अङ्कको गुणाङ्कमा अधिकतम १,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको धितोपत्र संख्याको प्रति धितोपत्र रु.१००– (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरि आवेदन दिन सक्नेछ ।

(ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत करोवार गरिनुपर्ने जस्ता पक्षहरु :

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्म बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनुपर्नेछ।

१. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थ मार्फत मात्र आवेदन दिनुपर्नेछ।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि)।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशन को केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ।

७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।

ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल।

ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।

घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)

ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)

च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।

छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ।

१०. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ।

१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "मेरो सेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ।

१५. शेयर बाँडफाँड गरि सूचीकरण पश्चात बाँडफाँडमा परका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।

१६. रु. ५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ।

ग. ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

वित्तीय संस्था र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरण:

क. संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :
सो नभएको।

ख. आधारभूत शेयरधनी :
सो नभएको।

ग. खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :
सो नभएको।

घ. संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :
सो नभएको।

ङ. संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :
नभएको।

च. कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि विवरण :
सो नभएको।

ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण : सो नभएको।

ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :

क. संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :
सो नभएको।

ख. बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :
सो नभएको।

ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण : सो नभएको।

ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :

क. लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना

(अ) लेखापरीक्षक :
वित्तीय संस्थाको आ.व. २०७६/०७७ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण श्री संजय चौधरी एण्ड एसोसिएटस्का चार्टर्ड एकाउटेण्ट श्री संजय कुमार चौधरीले गर्नुभएको छ ।

(आ) निष्काशन बैंक (Bankers to the Issue):
यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नेपाल एसबिआई बैंक लिमिटेड, काठमाडौंलाई तोकिएको छ।

(इ) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :
यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा वित्तीय संस्था आफै रहेको छ।

(ई) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ :

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा के.पि.एन एण्ड एसोसिएटस्का चार्टर्ड एकाउटेण्ट श्री केशव प्रसाद न्यौपाने ज्यू रहनु भएको छ।

ख. माथि खण्ड क. मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु:

(अ) लेखापरीक्षक : सो नभएको।

(आ) निष्काशन बैंक (Bankers to the Issue):

आस्वा प्रणाली लागू भएकोले धितोपत्र बाँडफाँड पश्चात बाँडफाँडमा परेको धितोपत्र वापतको रकम सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरुले निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त गरेको मितिले ३ दिनभित्र उक्त रकम निष्काशन प्रबन्धकको खातामा हस्तान्तरण गरिदिनु पर्नेछ। साथै धितोपत्र बाँडफाँडमा नपरेका आवेदकहरुको हकमा समेत निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त भएको ३ कार्यदिन भित्र सम्बन्धित आवेदकहरुको खाता फुकुवा गरिदिनु पर्नेछ।

ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :

सो नभएको।

ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

क. संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :

सो नभएको।

ख. संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :

सो नभएको।

ग. विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :

सो नभएको।

घ. संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण : सो नभएको।

ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्कशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा तहाँ सम्पर्क गर्न सकिनेछ। कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धित बिषयमा कुनै गुनासो वा सुझावका लागी सम्पर्क अधिकारी श्री केदार पुडाशैनी लाई निजकै कार्यालयमा वा निजलाइ कार्यालय समयभित्र ०१ ४४१२७४३ (एक्स. ११९) मा सम्पर्क गर्न सकिने छ।

ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :

सो नभएको।

ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

हालसम्म वित्तीय संस्थाले ऋणपत्र निष्काशन गरेको छैन र यो साधारण शेयरनिष्काशन सर्वसाधारणका लागि मात्र हो।

ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :

अग्राधिकार शेयर जारी गरिएको छैन।

ग.२२. अन्य सामान्य जानकारी :

क. विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :

यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको लघुवित्त बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरि विवरण ठीक छ भनी के.पि.एन एण्ड एसोसिएट्सका चार्टड एकाउटेण्ट श्री सि.ए. केशव प्रसाद न्यौपानेले प्रमाणित गर्नुभएको छ।

ख. गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:

आर्थिक वर्ष २०७४/७५ देखि कुनै परिवर्तन नभएको।

ग. कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :

नाम : शोभा बज्राचार्य
ठेगाना : का.म.न.पा-१७, काठमाडौं।
योग्यता : स्नातकोत्तर

घ. सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :

वित्तीय संस्थाको जारी पूँजी रु. १०,९३,७५० कित्ता मध्ये सर्वसाधारणको लागि छुट्टाइएको ३६ प्रतिशतले हुन आउने ३,९३,७५० कित्ता शेयर निष्काशन प्रयोजानार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत यो सँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृयाको लागि मिति २०७७ पौष २८ गते बसेको दोस्रो साधारण सभाले सर्वसाधारणमा प्रारम्भिक शेयर निष्काशन गर्ने निर्णय गर्‍यो। यस संस्थाको मिति २०७७/०९/०७ गते बसेको सञ्चालक समितिको ३२ औं बैठकको निर्णय अनुसार प्रमुख कार्यकारी अधिकृतलाई अख्तियार प्रदान गर्ने निर्णय भयो।

ङ.संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :

सो नभएको।

च. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।

(क) वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बनेपा नगरपालिका-१३, साँगा, काभ्रेपलाञ्चोक।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक-नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौं।

छ. बोनस शेयर सम्बन्धी व्यवस्था :

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति साधारण शेयर रु.१००।– अङ्कित मूल्य (Par Value) का कुल ३,९३,७५० कित्ता साधारण शेयर संख्यामध्ये ५,४६९ कित्ता साधारण शेयरहरु लघुवित्त वित्तीय संस्थाको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ र साथै १९,६८८ कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषको लागि छुट्याइको छ। कर्मचारीहरुको लागि यसरी छुट्याइको शेयर कर्मचारीहरुबाट माग भई आएको हकमा संचालक समितिले औचित्यपुर्ण तवरबाट बाँडफाँड गर्ने छ र कर्मचारीबाट सम्पुर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ।

(झ) वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :

लघुवित्त वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने लघुवित्त वित्तीय संस्थाको उद्घोषण रहेको छ। साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७६/७७ सम्मका विवरणहरु पेश गरिसकिएको छ। र उक्त आर्थक वर्ष सम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अधावधिक रहेको व्यहोराको जानकारी सम्वन्धि पत्र मिति २०७८/०१/१४ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त भएको।

(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तिय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ।

(ट) विवरणपत्र तयार गर्नेव्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रवन्धक : नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, हात्तिसार, काठमाडौं रहेको छ।

(ठ) सकारात्मक पक्षहरु :

- बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरु द्वारा संचालित ।
- ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै लघुवित्त वित्तीय संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको ।
- आर्थिक, राजनीतिक र प्रतिषर्धी बैंकिङ्ग व्यवसाय सुहांउदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।
- हालको कार्यक्षेत्र तथा जनसमुदायमा वित्तीय संस्थाको राम्रो छवी निर्माण भएको ।

(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस वित्तीय संस्थाको कार्यालयबाट वा लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(ढ) धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि १५ दिनको हुनेछ। आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कुनै पनि हालतमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरीदको आवेदन लिने काम बन्द गरिने छैन।

(ण) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई यस मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मिति २०७७/१२/०३ मा **"समयमा वित्तीय दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहने" [CARE-NP B+ (Is) Pronounced as [Single B Plus (Issuer)]"** प्रदान गरेको छ । सो ग्रेडिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७८/१२/०३ सम्म रहनेछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले [CARE-NP]AAA देखि [CARE-NP]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP]AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात उच्च सुरक्षित रहेको आधार जनाउँछ र [CARE-NP]D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहेको जनाउँदछ । रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ CARE-NP B+ (Is) को स्थिति CARE-NP B- (Is) को भन्दा एक चिन्ह माथि रहन्छ ।

ग.२३. सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने वित्तीय संस्थाको सञ्चालकहरुको नाम तथा दस्तखत :

क्र.सं.	सञ्चालकहरुको नाम	पद	दस्तखत
१.	श्री पद्मासना शाक्य	अध्यक्ष	
२.	श्री दिव्यतारा तुलाधार	सञ्चालक	
३.	डा. नविना धाख्वा (शाक्य)	सञ्चालक	
४.	श्री प्रमिला रिजाल आचार्य	सञ्चालक	
५.	श्री चन्द्र प्रसाद कछिपति	सञ्चालक	
६.	श्री सुवर्ण कु. कर्माचार्य	सञ्चालक	

ग.२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

NEPAL SBI MERCHANT BANKING LTD.

NSMBL

(A wholly owned Subsidiary of Nepal SBI Bank Ltd.)

CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL

मिति : २०७८/०१/१०

प.सं.: एनएसएमबिएल/सिओ/९७२

श्री नेपाल धितोपत्र बोर्ड,

खुमलटार, ललितपुर ।

विषय : <u>ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे</u> ।

महाशय,

उपरोक्त सम्बन्धमा बनेपा नगरपालिका वडा नं. १३, भैंसेपाटी, काभ्रेपलान्चोकमा रजिष्टर्ड कार्यालय रहेको मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडले सार्वजनिक निष्काशन गर्न लागको रु. १००/- अङ्कित दरका ३,९३,७५० कित्ता साधारण शेयरहरु जारी गर्न निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयरहरु निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउंदछौं ।

१. मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडले विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त लघुवित्तबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सहीभएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै लघुवित्तको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा लघुवितले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरुपहुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक :

नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट

नाम : श्रीकृष्ण सिग्देल

पद : प्रमुख वित्तीय अधिकृत

सही :

कार्यालयको छाप :

• Issue and Sales Manager • Securities Underwirting • Share Registrar • Portfolio Manager • Corporate Advisory

Phone: 014412743, Fax: +977-1-4435612 Email ID : info@nsmbl.com.np

07125

ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

K. P. N. & ASSOCIATES
CHARTERED ACCOUNTANTS

GPO Box: 3738
House No. 65, Kumari Marga-6
Dillibazar, Kathmandu, Nepal

Review Report

The Board of Directors
Manushi Laghubitta Bittiya Sanstha Ltd.
Kavrepalanchowk, Nepal

We have reviewed the accompanying projected financial statements of **Manushi Laghubitta Bittiya Sanstha Ltd.** for FYs 2077/78, 2078/79, 2079/80 which comprise Projected Balance Sheet at the respective year end, Projected Profit & Loss Accounts, Projected Cash Flow Statement for the year then ended and Assumptions on Projected Financial Statement. These financial statements are the responsibility of the management. Our responsibility is to issue a report on these financial statements based on our review.

We have performed the review to obtain moderate assurance as to whether the financial statements are free of material misstatement. A review is limited primarily to inquiries of Company's personnel and analytical procedures applied to financial data and thus provides less assurance than an audit. We have not performed an audit and, accordingly, we do not express an audit opinion.

We have reviewed the underlying assumptions for financial projection used for preparation of the projected financial statements. However, there will usually be differences between the forecasted and actual results, because events and circumstances frequently do not occur as expected, and those differences may be material. We have no responsibility to update this report for the events and circumstances occurring after the date of this report.

Based on our review, nothing has come to our attention that causes us to believe that the accompanying financial statements, read with assumptions on projected financial statements, do not give a true and fair view in accordance with Nepal Accounting Standards so far as applicable or relevant practices.

CA. Keshab Prasad Neupane
K. P. N. & Associates
Chartered Accountants

Date: 2078/01/09
Place: Kathmandu
UDIN: 210422CA00469Zdhbw